# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ३१ पूर्णाङ्क ८० | २०७४ माघ २२ गते सोमबार | Monday, 5 February 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-

## सहिद तथा बेपत्ता योद्धा परिवारलाई संगठित गरिने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले दशवर्षे जनयुद्धका सहिद तथा वेपत्ता योद्धा परिवारका सदस्यहरूलाई संगठित गर्ने भएको छ । पार्टी निकट सहिद तथा वेपत्ता योद्धा परिवार समाजको बिहीबार सम्पन्न बैठकले यस्तो निर्णय गरेको हो ।

पार्टी महासचिव मोहन वैद्य'किरण'को प्रमुख आतिथ्यतामा पार्टी केन्द्रीय कार्यालय बुद्धनगरमा सम्पन्न समाजको प्रशिक्षण तथा बैठकले पार्टीको तीन महिने अभियानमा जनयुद्धका सहिद तथा वेपत्ता योद्धा परिवारसँग भेटघाट, अन्तर्क्रिया गर्ने, पार्टीका विभिन्न संगठनहरूमा संगठित गर्ने र संघर्षहरू उठान गर्न पहल लिने निर्णय गरेको छ ।

समाजका अध्यक्ष दिनेश शर्मा' सागर'को अध्यक्षतामा सम्पन्न बैठकले सहिद तथा वेपत्ता योद्धाहरूको योगदानलाई संस्थागत गर्न संरचनात्मक कामहरूलाई प्रभावकारी बनाउदै लैजाने निर्णय गरेको छ ।

# 'राष्ट्रिय स्वाधीनता रक्षाका लागि क्रान्ति अपरिहार्य'

● **वर्गदृष्टि संवाददाता**

मकवानपुर । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'ले नेपालमा नयाँ जनवादी क्रान्तिका लागि सशस्त्र संघर्ष अपरिहार्य रहेको कुरा बताउनु भएको छ । शनिबार हेटौंडामा सम्पन्न जिल्ला पार्टीको प्रशिक्षण तथा आयोजित पत्रकार सम्मेलनमा उहाँले यस्तो कुरा बताउनु भएको हो । उहाँले राष्ट्रिय स्वाधिनता रक्षाको लागि सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध भएर नयाँ जनवादी क्रान्ति सुरु गर्न ढिलाइ गर्न नहुने बताउनु भयो ।

आर्थिक, सामाजिक, साँस्कृतिक दृष्टिकोणले नेपाल अर्धसामन्ती, अर्धऔपनिवेशिक अवस्थामा रहेकोले नयाँ जनवादी क्रान्तिको कार्यक्रम र कार्यदिशा नै सही कार्यदिशा भएको दावी गर्दै महासचिव किरणले कार्यदिशा क्रान्तिकै बीचबाट समृद्ध बन्दै जाने विचार व्यक्त गर्नुभयो । उहाँले पार्टी कार्यकर्तालाई प्रशिक्षण दिंदै नयाँ जनवादी क्रान्तिको फौजी मोडल नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोह हुने दावी गर्नुभयो । बलपूर्वक सत्ता लिनका लागि गरिने अबको सशस्त्र जनविद्रोह लेनिनको नेतृत्वमा रुसमा र माओको नेतृत्वमा




चीनमा भएको क्रान्तिजस्तो नहुने उनले भन्दै त्यो नेपाली विशिष्टताकै हुने पनि बताउनुभयो । जनवादी क्रान्तिले मात्रै राष्ट्रियता, जनतन्त्र र जनजिविकाका मुद्दाहरू हल गर्ने दावी गर्दै त्यो क्रान्तिले नै देश विकास र विश्वमा नेपालको नयाँ परिचय दिने पनि उहाँले दावी गर्नुभयो ।

क्रान्ति र संघर्ष गर्दा आत्तिन नहुने र नेपालमा लडाइँको धेरै अनुभव रहेको भन्दै ब्रिटिस र भारतीय साम्राज्यवाद, पञ्चायत, राजतन्त्र बिरुद्धको लडाईले धेरै कुरा सिकाएको महासचिव किरणले बताउनुभयो, 'धेरै प्रतिक्रान्ति भएको छ, पुरानो राज्यसत्ता, संसदीय व्यवस्थालाई फेरि ब्युझाइएको छ, सत्तारुढ पार्टी नेतृत्वले ठूलो र गम्भीर साँठगाँठ गरेको छ । क्रान्तिको एउटा अध्याय सकिएको र प्रतिक्रान्तिको नयाँ अध्याय सुरु भएको अवस्थामा क्रान्तिलाई कसरी अगाडि बढाउने भन्ने गम्भीर प्रश्न पनि छ ।'

अहिलेको वाम गठवन्धन नाम मात्रको कम्युनिष्ट भएको तर्क गर्दै महासचिव किरणले वाम गठबन्धनको सरकारले देश विकासमा छलाङ मार्न भूमिका नखेल्ने दावी गर्नुभयो । संसदीय व्यवस्था मान्नेहरू कम्युनिष्ट हुनै नसक्ने भन्दै उहाँले क्रान्तिकारी माओवादीले कुनै पनि हालतमा वर्तमान संसदीय राज्यसत्तालाई नमान्ने घोषणा गर्नुभयो ।

उक्त प्रशिक्षण कार्यक्रममा क्रान्तिकारी माओवादीका ३ नं. प्रदेश सचिव दिनेश शर्मा 'सागर', केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज वसन्त बोगटीलगायतका नेताहरूले पनि प्रशिक्षणमूलक मन्तव्य राख्नुभएको थियो ।

## क्रान्तिकारी माओवादीमा प्रवेशको लहर

● **वर्गदृष्टि संवाददाता**

हेटौडा । मकवनापुरमा विभिन्न पार्टी परित्याग गरी नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेशको लहर चलेको छ । क्रान्तिकारी माओवादीको जिल्ला पार्टीले शनिबार हेटौडामा आयोजना गरेको जिल्ला प्रशिक्षण कार्यक्रममा दर्जनौको संख्यामा विभिन्न पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् ।

विभिन्न पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गर्नेहरूमा सरस्वती स्याङ्तान, अफताव खान, हस्तबहादुर सिलाम, राजु चौकर, सागर स्याङतान, सानुकान्छा घलान, सोनाम थिङ, ज्ञानेन्द्र लामा, नजिर अन्सारी, महम्मद मुस्ताफ, रोशन ठकुरी, विरवहादुर माझी, सुजन स्याङतान, शनि स्याङतान, विजय लामा, जितमान थिङ, निरज स्याङतान, कृष्णकुमार मगर, रंजित थापा, निमकान्त खड्का, सुरज महत, शुशिला पोखरेल, रामहरी खड्का, कृष्ण काफ्ले, राजेश अधिकारी, रमेश सुनार, नमिका थापामगर, सुदिक्षा गिरी, शुशिला परियार, सुनिता परियार, सारा घले, सुमित्रा परियार, सुरेन्द्र सुमार्गी, सुस्मिता परियारलगायत रहेका छन् ।

उनीहरूलाई कार्यक्रमका प्रमुख अतिथी तथा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले अविर र खादा लगाएर पार्टी प्रवेश गराउनु भएको थियो ।

जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रममा पार्टीका ...बाँकी ८ पेजमा

## 'माके एमालेले कम्युनिष्टको नाममा भ्रम छरे'



घोराही । नेकपा (क्रान्तिकारी माओवादी)का नेता परी थापाले माओवादी केन्द्र र एमालेले कम्युनिष्टका नाममा जनतामा भ्रमको खेती गरेको कुरा बताउनुभयो । सो कुरा दाङमा आयोजित देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको दाङ जिल्ला भेलालाई प्रमुख अतिथिको आशनबाट सम्बोधन गर्ने क्रममा बताउनु भएको हो । क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देजमो केन्द्रीय सचिवसमेत रहेका थापाले वाम गठबन्धनका नाममा बन्ने सरकारले स्थायित्व, विकास र समृद्धि दिन नसक्ने ठोकुवा गर्नुभयो । उहाँले अगाडि भन्नुभयो 'प्राकृतिक सम्पदा विक्री गरेर, युवालाई विदेश पलायन गराएर, नवउदारवादी आर्थिक योजना लागू गरेर र वैदेशिक भिख मागेर समाजवाद आउँदैन ।' ...बाँकी ८ पेजमा

## 'दलालहरूलाई ठेगान लगाउनै पर्छ'



● **वर्गदृष्टि संवाददाता**

वीरगञ्ज । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले पर्साको वीरगञ्नमा 'सीमा अतिक्रमण र छपकैयाको सवाल' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । मोर्चाको २ नं प्रदेशले आयोजना गरेको उक्त अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले राष्ट्रिय स्वाधीनताको रक्षाको निम्ति भारतीय विस्तारवादका दलालहरूलाई ठेगान लगाउनै पर्ने धारणा राखेका छन् । नेपाल पत्रकार महासंघको जिल्ला शाखा कार्यालयमा सम्पन्न अन्तर्क्रिया कार्यक्रममा सीपी गजुरेलले भने, '७४ ठाउँमा सीमा अतिक्रमण भएको कुरा सीमाविद्हरूले भनिरहेका छन् । राष्ट्रिय स्वाधीनताको सवाल गम्भीर बन्न पुगेको छ । हामीले यो विषयलाई राष्ट्रिय ...बाँकी ८ पेजमा

## विस्तारवादका विरुद्ध युवा र विद्यार्थीको छपकैयामा मार्चपास




वीरगञ्न । भारतीय विस्तारवादका विरुद्ध अतिक्रमित भूमि पर्सा विरगंजको छपकैया क्षेत्रमा क्रान्तिकारी युवा र विध्यार्थीले संयुक्त रूपमा मार्चपास तथा विरोध प्रदर्शन गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा र विध्यार्थीहरूले १७ माघमा भारतीय पक्षबाट अतिक्रमित भूमि छपकैयाको स्थलगत निरीक्षण गर्ने, स्थानीय पीडितहरूको गुनासो सुन्ने तथा भारतीय विस्तारवादका विरुद्ध चर्का नारा, जुलुससहित कोणसभा गर्ने कार्य गरेका छन् ।

प्राप्त समाचार अनुसार क्रान्तिकारी माओवादीको २ नं. प्रदेशको सहयोगमा भएको उक्त कार्यक्रममा (सीमास्थलमा) क्रान्तिकारी माओवादीका पोलिटब्यूरो सदस्य तथा २ नं. प्रदेश सचिव रमेश र अखिल (क्रान्तिकारी)का अध्यक्ष सेवन्तराज भण्डारीले विरोध मन्तव्य राखेका ...बाँकी ८ पेजमा

## मोदीले उतारिदिए एमाले-माकेको राष्ट्रवादी मुकुण्डो

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एमाले-माके अर्थात् कथित वाम गठबन्धनको राष्ट्रवादको मुकुण्डो नराम्रोसँग उतारिदिएका छन् । घटनाक्रमले के पुष्टि गराइदिएको छ भने एमाले अध्यक्ष तथा भावी प्रधानमन्त्रीको रुपमा रहेका केपी ओली पनि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'जस्तै भारतीय दलाल हुन् अर्थात् रहेछन् । मोदी र ओलीको सम्बन्ध नजिकिन थालेपछि प्रचण्डको दिल्लीले वास्ता गर्न छाडेको छ । त्यसैले आफ्नै सचिवालयबाट ओलीका विरुद्ध उनले फायर खोलेका छन् र ओलीलाई भारतको दलाल भएको पुष्टि गर्न फेहरिस्त प्रस्तुत गर्न लगाएका छन् ।

दाहालको सचिवालय सम्हाल्दै आएका मनोहरी तिमल्सिनाले ओलीका तीन अवतार भन्दै आफ्नो फेसबुक पेजमा लेखेका छन्, "पहिलोमा, ओली ०४६ सालदेखि ०७२ सालसम्म दिल्लीभक्त थिए अनि महाकाली सन्धिका प्रमुख योजनाकार थिए । दोस्रोमा ०७२ असोजदेखि ०७४ माघसम्म ओली चर्चित राष्ट्रवादी नेता भए, राष्ट्रका पहरेदार भए । तेस्रोमा ०७४ माघदेखि प्रधानमन्त्रीका लागि छिमेकी हस्तक्षेप आमन्त्रण गर्ने भए ।"

सुरुमा वाम गठबन्धन र पार्टी एकताको नारा लगाउन लगाएर प्रचण्डमार्फत् एमालेभित्र पसेका मोदीले ओलीसँग सम्बन्ध सुधारेर प्रचण्डलाई महत्व दिन छाडेपछि प्रचण्ड दिल्लीले आफूलाई "युज एण्ड थ्रो"को रुपमा मात्र प्रयोग गर्न खोजेको हो कि ...बाँकी ४ पेजमा

## ३ महिने अभियान सञ्चालन र यसको महत्व

**नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को गत पुसमा बसेको केन्द्रीय समितिको बैठकले वर्तमान राजनीतिक परिस्थितिको मूल्यांकन तथा पार्टीको आत्मगत स्थितिको मूल्यांकन गर्दै नयाँ जनवादी क्रान्तिको तयारीकै एक अंगको रूपमा ३ महिने अभियान सञ्चालन गर्ने निर्णय गरेको हो । ३ महिने अभियानमा राजनीतिक, सांगठानिक, अनुशासन र संघर्षजस्ता अति महत्वपूर्ण विषयहरू अन्तर्निहित छन् ।**

● **क. प्रभाकिरण** ●

नेपाली नयाँ जनवादी क्रान्तिमाथि महान् जनयुद्धकै प्रमुख नेताहरूकै धोका र गद्दारीले गर्दा पूर्ण हुन सकेन । यस्तो समयमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु पर्छ भन्ने राजनीतिक कार्यदिशा बोकेका केही कम्युनिष्ट पार्टीहरू मात्र नेपालमा बाँकी छन् । नेपालको वर्तमान अवस्था भनेको अर्धसामन्ती र अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक रहेको छ । यसले गर्दा दलाल तथा नोकरशाही पुँजीपति र सामन्तहरूले नेपालको राज्यसत्तामाथि कब्जा जमाएर बसेका छन् । यसको हल नेपालमा नयाँ जनवादी क्रान्तिबाट मात्र सम्भव छ । तर नेपालमा संशोधनवादबाट प्रतिक्रियावादमा पतन भइसकेका नामधारी कम्युनिष्ट पार्टीहरूले नेपालमा जनवादी क्रान्ति सम्पन्न भइसकेको, पुँजीवाद आइसकेको र अब आर्थिक क्रान्ति गर्नु पर्ने र शान्तिपूर्ण बाटोबाट समाजवादमा जानुपर्ने तर्क पेश गरिरहेका छन् । यथार्थमा नेपालमा न जनवादी क्रान्ति सम्पन्न भएको छ न त पुँजीवाद नै आएको छ । राज्यसत्ताको वागडोर अहिले पनि पुरानै वर्गको हातमा छ । नेपाल जस्तो अर्धसामन्ती र अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक देशमा नयाँ जनवादी क्रान्ति अपरिहार्य र अनिवार्य छ । यसको कार्यभार आज नेकपा( क्रान्तिकारी माओवादी)को काँधमा आइपुगेको छ, अरुबाट सम्भव छैन । तर नयाँ जनवादी क्रान्तिको राजनीतिक कार्यदिशा बोकेका अरु कम्युनिष्ट पार्टीहरूसंग एकता र ध्रुवीकरण प्रक्रिया इमान्दारितापूर्वक विचार र राजनीतिका आधारमा सम्पन्न गरिनु पर्दछ । नेकपा (क्रान्तिकारी माओवादी)ले क.विप्लवको र क.ऋषि कट्टेलको नेतृत्वमा रहेका नेकपाहरू र नेकपा(मसाल)सँग यसका लागि औपचारिक रूपमा प्रक्रिया अगाडि बढाइ सकेको छ । क्रान्तिकारीहरूबीचमा एकीकरण र ध्रुवीकरण नयाँ जनवादी क्रान्तिको तयारीका लागि महत्वपूर्ण भूमिका हुन्छ नै तर त्योभन्दा महत्वपूर्ण कुरा नेकपा (क्रान्तिकारी माओवादी)लाई सशक्त र जुझारु बनाउनुमा हुनेछ ।

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को गत पुसमा बसेको केन्द्रीय समितिको बैठकले वर्तमान राजनीतिक ...बाँकी ७ पेजमा

## सम्पादकीय

# राष्ट्रवादको मुकुण्डो

नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै आएको भारतीय विस्तारवादले पछिल्लो पटक भारतले नाकाबन्दी गरेको बेला चीनसँग व्यापार तथा पारवहन सन्धि गरेर राष्ट्रवादी कहलिएका एमालेका अध्यक्ष केपी ओलीको राष्ट्रवादको मुकुण्डो उतारिदिएको छ । ओली र ओली नेतृत्वको एमाले अहिले भारतीय विस्तारवादको तीव्र दलालीकरणको प्रक्रियाबाट गुज्रिरहेको छ । मुख्यतः दुई पटकसम्म आफैले फोन गर्नेदेखि मोदीले ओलीको राष्ट्रवादको मुकुण्डो उतार्न माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, भारतीय राजदूत मञ्जिवसिंह पुरी, भारतीय गुप्तचर संस्था 'रअ'का प्रमुख अनिल धसमानदेखि भारतीय विदेशमन्त्री सुष्मा स्वराजसम्मलाई आफ्नो विशेष दूतको रुपमा प्रयोग गरे । चुनावी गठबन्धनदेखि पार्टी एकतासम्मको नारा लगाएर प्रचण्डमार्फत् एमालेको नाडी र नाभी छाम्न सफल भएका मोदीले ओलीको राष्ट्रवादको नारा कति नक्कली थियो र छ भन्ने कुरा नेपाली जनतालाई छर्लङ्ग पारिदिएका मात्रै छैनन्, ओली पनि मोदीकै कारिन्दा हुन् भन्ने कुरा पनि बैंककदेखि मोदीको फोन हुँदै स्वराजसम्मको साउती र पौने एक घण्टासम्म वनअनवन वार्तामा ओलीले चढाएको विन्तीभाउले सावित गरिसकेको छ । पूर्वप्रधानमन्त्रीको हैसितको समेत ख्याल नगरी लाइन लागेर स्वराजलाई भेट्न गएका ओली र एमाले नेतागणले भारतको नीति निर्देशनलाई अक्षरशः पालना गर्ने कबुल गरेको राजनीतिक बजारमा व्यापक चर्चा हुन थालेको छ ।

ओली र स्वराजको भेट र एमाले तथा ओलीले प्रदर्शन गरेको लम्पसारवादी चरित्रको यतिखेर समाजिक सञ्जालमा र मिडियाहरुको चर्को आलोचना भइरहेको छ । एमालेजनहरुले भने पहिले नेपालका नेताहरु दिल्ली धाउँथे अहिले दिल्लीका नेताहरु काठमाडौं धाउन थालेको उल्टो प्रचार गर्दै आफ्नो दलाली र लम्पसारवादी चरित्रको ढाकछोप गर्न लागिपरेको छ र आत्मरति लिइरहेको छ । राजनीतिक बजारमा यो पनि टिप्पणी हुन थालेको छ कि दिल्लीका विस्तारवादी शासकहरुको दलाली गरेर स्थानीय, प्रदेश र प्रतिनिधिसभामा प्राप्त जनमतमाथि एमालेले ठूलो घात गरेको छ । र, एमालेले राष्ट्रवादी स्वाभिमानी नेपाली जनतालाई नराम्ररी निराश तुल्याएको छ ।

नेपालको संसदीय राजनीतिक बजारका पछिल्ला घटनाहरुलाई हेर्दा फेरि पनि नेकपा (क्रान्तिकारी माओवादी) र यो पार्टीका नेताहरुले संसदवादी पार्टी र तिनका नेताहरुलाई लगाउँदै आएको आरोप सत्य सावित हुँदै गएका छन् । कम्युनिष्ट र राष्ट्रवादको नाममा एमाले र माओवादी केन्द्रले जनताका बीचमा गरेका बाचा र बाँडेका आश्वासन कति झुठ थिए र रहेछन् भन्ने कुरा विस्तारै जनताले बुझ्न थालेका छन् ।

यसरी जनता संसदीय राजनीतिक पार्टीहरु एमाले, कांग्रेस र माकेबाट भ्रममुक्त हुँदै गर्दा फेरि पनि सडकको प्रतिपक्षको रुपमा रहेको क्रान्तिकारी माओवादीलाई नै वैकल्पिक शक्तिको रुपमा जनताले स्वीकार्दै जान थालेका छन् । कुर्सीको बढ्दो खिचातानी, संस्थागत रुपमा बढ्दो भ्रष्टाचार, राज्यशक्तिको दोहन, वैदेशिक प्रतिक्रियावादको दलाली, जनघात र राष्ट्रघातका चाङ, जनजीविकाका समस्याहरुको विकराल स्थिति लगायतका समस्याबाट गुज्रदो नेपालमा धनी र गरिबबीचको खाडल अझ बढेर गएको छ । र, यसले मुलुकलाई द्वन्द्वतर्फ धेकेल्ने निश्चित छ । संसदवादीहरुले चुनावताका जनतालाई देखाएको समृद्धि, स्थायित्वको नारा केवल कोरा नारामा सीमित हुनेछ ।

स्थापित सत्य के हो भने नेपालमा राजनीतिक क्रान्ति पूरा भएको छैन । राजनीतिक क्रान्ति पूरा नभएसम्म आर्थिक समृद्धि र स्थायित्व कदापि सम्भव छैन । नेपालको अर्थतन्त्रलाई भारतीय एकाधिर पुँजीवादबाट मुक्त नबनाएसम्म नेपालको स्थायित्व र समृद्धि सम्भव छैन । त्यसका निम्ति भारतीय विस्तारवाद र उसका दलाल तत्वहरुका विरुद्ध एउटा निर्णायक लडाइँ अपरिहार्य छ । त्यो लडाइँ भनेको फेरि पनि नयाँ जनवादी क्रान्ति हो । नयाँ जनवादी क्रान्तिले नै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरुलाई वास्तविक रुपमा समाधान गर्नेछ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# मार्क्सवादको संरक्षण र विकासको कुरा



● कृष्णदास श्रेष्ठ ●

*मार्क्सवादको संरक्षण भन्नाले कुन कुरालाई जनाउँदछ ? त्यसको वास्तविक अर्थ हो मार्क्सवादको सर्वब्यापी सत्यको समर्थन र संरक्षण हो, जुन त्यसका आधारभूत सिद्धान्तहरूमा निहित रहेको छ । ती त्यस्ता सिद्धान्त हुन, जसलाई हर समयको विद्यमान इतिहासको विकासमा देखा पर्ने नयाँ समस्यचहरूको उचित समाधान निकाल्नका लागु गर्न सकिन्छ ।*

वर्तमान समयमा कुनै पनि मुलुकका कम्युनिष्ट पार्टी र कम्युनिष्टहरू मार्क्सवादलार्य आफ्नो कार्यमा निर्देशक सिद्धान्तको रूपमा मान्ने गर्छन र त्यही अनुसार उनीहरू त्यसप्रति आफूहरू निष्ठावान रहेको बताउँछन् । सिद्धान्तप्रतिको तिनीहरूको निष्ठा मुख्य रूपमा दुई ढंगबाट ब्यक्त हुने गरेको पाइन्छ जडसुत्रबादी ढंगबाट र सिर्जनात्मक ढंगबाट । यही यथार्थ तथ्यको आधारमा स्तालिनको दुई खालको मार्क्सवाद रहेको बताएका छन जडसुत्रीय मार्क्सवाद र सिर्जनात्मक मार्क्सवाद ।

मार्क्सवादप्रति निष्ठा ब्यक्त हुने तरिका त्यसप्रतिको दृष्टिकोणसित सम्बन्धित सवाल हो । मार्क्स, लेनिन, माओ आदिवाट धेरै पहिले निकालिएको निष्कर्षहरूलाई शाश्वत सत्यको रूपमा लिनु र ती सदा सर्वदा साँचो रहन्छन भन्ने ठान्नु कदापि मार्क्सवाद सम्मत कुरा होइन । मार्क्सवादका समर्थकहरू मध्ये कोही कोहीमा कस्तो प्रवृत्ति देखिएको छ भने वास्तविक सामाजिक प्रक्रियाहरूको अध्ययन र वि्श्लेषण गर्नुको साटो मार्क्स, लेनिन आदिका आफ्नो भनाईहरूलाई तिनको ऐतिहासिक सन्दर्भबाट अलग पारेर तिनलाई आफ्नो भनाईसित मिल्दो पनि मुलतः ब्याख्या गरिन्छ । वास्तविक तथ्यहरूको आधारमा सत्यको खोज गर्नुको सट्टामा सुत्रहरूको मद्दतबाट तर्क गर्नु र मार्क्सवादलाई धार्मिक सुत्रहरूको समष्टिको रूपमा व्यवहार गर्नु एउटा जडसुत्रवादी तरिका हो । मार्क्स, लेनिनका निष्कर्षहरूलाई ती हुन परिस्थिति र वातावरणको परिप्रेक्ष्यमा निकालिएका हुन त्यसको वेवास्ता गरिएमा र ती परिवर्तित परिस्थितिमा पनि लागु रहन्छन् भनी सोचिएन त्यो शुद्ध जडसुत्रवाद हुनेछ । उपरोक्त जडसुत्रवादी तरिका र ती निष्कर्षलाई अभिनिर्देशको (Reference) रूपमा प्रयोग गर्ने तरिका एकदमै फरक कुरा हुन । "मार्क्सवाद कुनै जडसुत्र होइन ….." भन्ने भनाइले त्यसको मार्क्सवाद विरोधी रूपलाई स्पष्टसित संकेत गर्दछ । र मार्क्सवादका संस्थापकहरूले त्यसको दृढ रूपमा विरोध गरेका छन् । धेरै पहिले नै मार्क्सले भनेका थिए : 'हामी कुनै जडसुत्रवादी झण्डा नउठाऔं भन्ने मेरो प्रस्ताव छ ।" - मार्क्स र एंगेल्स, "संकलित रचनाहरू", भाग १ पृष्ठ ४१६

यहाँ एउटा प्रश्न उठ्दछ : मार्क्सवादको संरक्षण गर्नु भन्नाले हामीले के बुझ्नुपर्छ ? के त्यसको अर्थ मार्क्स, एंगेल्स, लेनिन, स्तालिन र माओले जे जति लेखेका छन् र आ-आफ्नो समय र परिस्थितिको परिप्रेक्ष्यमा जे जस्ता निष्कर्षहरू निकाले छन्, ती सबैलाई शाश्वत सत्य मानेर ग्रहण गर्नु हो ? यदि त्यसप्रति निष्ठाको नाउँमा कसैले त्यसो गर्छ, त्यो वास्तविक संरक्षण नभएर, यान्त्रिक नक्कल वा अन्धविश्वास मात्र हुनेछ ।

मार्क्सवादको संरक्षण भन्नाले कुन कुरालाई जनाउँदछ ? त्यसको वास्तविक अर्थ हो मार्क्सवादको सर्वब्यापी सत्यको समर्थन र संरक्षण हो, जुन त्यसका आधारभूत सिद्धान्तहरूमा निहित रहेको छ । ती त्यस्ता सिद्धान्त हुन, जसलाई हर समयको विद्यमान इतिहासको विकासमा देखा पर्ने नयाँ समस्यचहरूको उचित समाधान निकाल्नका लागु गर्न सकिन्छ । त, त्यस्ता सिद्धान्त हुन्, जसल संसारलाई बुझ्न र बदल्ने कार्यमा वैज्ञानिक साधनको काम गर्छन । उक्त सिद्धान्तहरूको मूल आधार भनेको त्यसका दार्शनिक विश्व दृष्टिकोण र विधिशास्त्र हुन्, जुन हाम्रो जमानाको महान वैज्ञानिक सत्य रहेको छ । उक्त सत्य प्रति दृष्टिकोण (Attitude) सबभन्दा ...बाँकी ८ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# 'प्रभु महाराज'का दूतको साक्षात् दर्शन

गएको हप्ता बिहीबार नेपाल मण्डलमा गुज्जर 'प्रभु महाराज'का मुलुकबाट 'प्रभु महाराज'ले आफ्ना दूत शुष्मा बहनजीलाई पठाए । दूत नेपाल मण्डलमा आएर 'सोल्टी' नामको मठमा बसेर नेपाल मण्डलका आफ्ना भक्तजनहरूलाई साक्षात् दर्शन दिइन् । निकट भविश्यमा सत्तारोहण गर्न थालेका सूर्यछाप दलका आफ्ना प्रिय भक्त अनुज श्री उखानप्रसाद, उनका सहयोगी गोलघेरे दलका मिस्टर सुप्रिमो, मधेशतिरका भक्तहरूलगायत सत्ता सञ्चालन गरिरहेका चारतारे दलका मिस्टर डेउडापतिलाई छुट्टाछुट्टै रूपमा दर्शनभेट दिइन् । त्यसैगरि 'प्रभु महाराज'का दूत शुष्मा बहनले नेपाल मण्डलका राष्ट्रप्रमुख आधापति महोदयलाई उनकै कुटीमा गएर दर्शन दिइन् । मिस्टर डेउडापति र आधापति महोदयलाई उनीहरूकै कुटीमा दर्शन् दिन जानु पर्दा दूतको थोरै मान मर्दन् त भयो तर यो वाध्यता थियो भन्ने कुरामा बहनजीले चित्त प्रशन्न गर्नुपर्ने अवस्था सिर्जना भयो । वास्तवमा डेउडापति र आधापति पनि भक्त नै थिए तर उनीहरूलाई आफैले लालमोहर लगाएको कानूनको त्यान्द्रोले बाँधेको हुनाले मरिच चाम्रिएझैं चाम्रिएर कुटीमै दूतलाई बोलाएर भेटे । २४ घण्टासम्म नेपाल मण्डलमा पादार्पण गरेर आफ्ना भक्तहरूलाई दर्शन दिई दूत आफ्नो मण्डलतिर फर्किइन् ।

'प्रभु महाराज'का दूतको दर्शनभेट गर्न भक्तहरू पालैपालो सोल्टी मठमा फूलमाला, पुष्प गुच्छा र बुकी लिएर हस्याङपस्याङ गर्दै आआफ्ना दलबलसहित गए । नेपाल मण्डलमा चुनाउको खेतीपाती चलिरहेको मौसममा 'प्रभु महाराज'ले दूतमार्फत् दर्शन दिएपछि भक्तहरू हर्षले प्रफुल्लित हुँदै गदगद भए । उनीहरूले यो दर्शनभेटले आफूहरू धन्य धन्य बनाएको, गच्छेअनुसारको आशिर्वाद प्राप्त गरेको र भेट निकै फलदायी भएको प्रतिक्रिया दिए ।

यतिबेला नेपाल मण्डलमा चुनाउको अन्तिम खेती स्याहार्ने बेला भएको छ । यो खेती स्याहारेर सकिएपछि हसुर्ने साइतका लागि भक्तहरू संसदको खलोमा जुट्ने छन् । खलोबाट मुखिया कस्लाई चुन्ने भन्ने विषयमा निर्देशन दिन 'प्रभु महाराज'ले दूत बनाएर शुष्मा बहनलाई पठाएका थिए । सरकारको मुखिया चुन्ने विषयमा यतिबेला नेपाल मण्डलमा विभिन्न टिकाटिप्पणी, छलफल र बहस चलिरहेको छ । सूर्यछाप दलले चुनाउमा धेरै मत पाएर पहिलो दल बनेको हुनाले आफूले स्वतः मुखिया बनेर सरकार बनाउने अधिकार पाएको भनेर ढुक्क परेर बसेको छ । एक्लै मुखिया चुनिनलाई आवश्यक सङ्ख्याको जरुरत छ । त्यो सङ्ख्या कसरी परिपूर्ति गर्ने भनेर सूर्यछाप अलमलमा परिरहेको छ ।

सूर्यछापले चुनाउमा एउटै कम्युनिस्ट पार्टी बनाउने भनेर गोलघेरेलाई मिसाएर नेकपा साठी-चालिस गठन गरेको थियो । तर अहिले उसलाई चालिसे भागवाला गोलघेरेलाई साथै लिएर सरकारको बिलो हसुर्न जाने मन छैन । देश र प्रदेशको चुनाउमा चालिसे विलो दिएर गोलघेरेलाई मिसाए पनि अहिले हुन थालेको भत्तासभाको चुनाउ र प्रदेशको सरकारमा तीस भागको विलो मात्रै छुट्याएको छ । तीसभागे



विलो लाउँदा पनि दुबैतिरका पाटीमा लुछाचुँडी परेर डारङार डुरडुर गरिरहेका छन् । अर्कातिर नेकपा साठि-चालिसले सरकार बनायो र पाटी एकता पनि गर्‍यो भने चारतारे र मधेशका मठाधिसहरू सदाका लागि सत्ताबाट हात धुनुपर्ने अवस्था पो आउने हो कि भनेर गुज्जर 'प्रभु महाराज'को मुलुक आत्तिएको छ । छटपटिएको छ । त्यसैले उसले सूर्यछापलाई जे जसरी हुन्छ आफ्नो गोजीभित्रै राख्ने योजनामा छ । त्यसको चाँजोपाँजो मिलाउन गुज्जर 'प्रभु महाराज'ले दूत पठाएका हुन् ।

'प्रभु महाराज'ले पठाएका दूत नेपाल मण्डलमा बिहीबार बेलुका आएर शुकबार बेलुका आफ्ना मुलुकतिर फिर्ता भइन् । उनी फर्के लगत्तै नेपाल मण्डलमा विभिन्न प्रकारका टिकाटिप्पणीहरू भइरहेका छन् । अखबारहरूले भँगेरा टाउके अक्षरमा समाचार र टिकाटिप्पणी छापे । फेसबुक र ट्वीटरका भित्ता रङ्गिइरहेका छन् । उनको आगमनको फाइदा बेफाइदाका बारेमा चर्चा भइरहेका छन् । कसै कसैले उनको आगमनको औचित्य र निम्तो बारेमा पनि प्रश्न उठाएका छन् । यस बारेमा यो कैलुब्राहले पनि भक्तहरूलाई भेटेर के कस्तो आशिर्वाद प्राप्त भयो ? के कति कारणले र कस्को निम्तोमा आइन् भन्ने विषयमा दूतसँग भेट गरेका भक्तहरूलाई जिज्ञासा राख्यो ।

सर्व प्रथम मधेशी भक्तहरूलाई भेटेर यो जिज्ञासा राख्दा उनीहरूले सामुहिकरूपमा जवाफ दिए । उनीहरूले भने 'प्रभुका दूत हाम्रो मुलुकमा आउनलाई कुनै साइत हेर्न, कसैको इजाजत लिन, घोषणा गरेर आउनु पर्दैन । हामी भक्तजनलाई आशिर्वाद दिन, निर्देशन दिन जतिवेला पनि आउन सक्छन् । यसमा केको आपत्ती ?' अनि यो दर्शनभेटबाट नेपाल मण्डलले के कति फाइदा पायो त भन्ने पश्नको जवाफमा उनीहरूले भने 'प्रभुले दिने फल तुरुन्तै मिल्ने हो ? नेपाल मण्डललाई किन चाहियो फाइदा ? यो त हामी भक्तहरूको मामिलाको कुरो हो ।'

यही प्रश्नको जबाफ गोलघेरेका मिस्टर सुप्रिमोलाई सोध्दा उनले भने 'मने प्रभु महाराज र उहाँका दूत हाम्रा घरतिर आउन कुनै छेकबार छैन । प्रभुलाई जतिबेला आवश्यता पर्छ त्यतिबेला आउनुहुन्छ वा प्रतिनिधि पठाउनुहुन्छ । प्रभु र हाम्रा बिचमा मने रोटीबेटीको सम्वन्ध छ । यसबारेमा टिकाटिप्पणी गर्न र प्रश्न उठाउन जरुरी छैन ।' तपाइँहरू पर्धानमन्त्री भइसकेका मान्छे दूतलाई भेट्न दलबल लिएर किनको उनकै वासमा गएको भन्ने प्रश्नको जवाफमा उनले भने 'मने प्रभु महाराजका हामी भक्त भएकाले हामी भन्दा उनीहरू ठूला हुन् । हामी अनुज हौं । यो परापूर्वकालदेखि चलेको नियम हो । जहाँसम्म फाइदाको कुरो छ, त्यो त धेरै ठूलो उपलब्धी भएको छ भन्ने म ठान्चु । विगतमा हामी आफैं प्रभुको दर्शन गर्न र आशिर्वाद थाप्न उनकै मण्डलतिर जान्थ्यौं, यतिवेला प्रभुले दूत पठाएर हामीलाई धन्य बनाउनु भएको छ ।'

दूतलाई भेट्न आफ्नो मर्यादक्रम तोडेर उनकै बासस्थानमा गएको विषयमा जिज्ञासा राख्दा सूर्यछाप दलका मुखिया उखानप्रसादले भने 'काम नपाएकाहरूले हल्ला बखेडा गरेर बस्छन् । प्रभु र भक्तका बिचमा यसरी साक्षात हुँदा कसैलाई टाउको दुखाउनु पर्ने किन ? प्रभुले जस्लाई महत्व दिनुहुन्च उसैले भेट्ने हो । जहाँसम्म मर्यादाको कुरा छ त्यो त हामी भेट्नेलाई कुनै अप्ठेरो लागेको छैन भने अरूले यसमा यसो गरो उसो गरो भनेर समय किन खेर फाल्नु ? खुरुखुरु आफ्नो जे धन्दा हो त्यही गरे भैगो नि । मर्यादाको नापो गर्नेहरू थुपुक्क बसे भैगो । तिनलाई जाऊ तिमी पनि भेट भनेर हामीले त भन्या छैनौं ।' दूत किन र कस्ले बोलाएर आइन् भन्ने विषयमा बाहिर निकै हल्लीखल्ली मच्चिएको छ भन्दा उनले भने 'प्रभु महाराजलाई मैले भनेको हुँ । मैले बोलाएको हो । सरकार बनाउँदा प्रभुको आशिर्वाद चाहिने हाम्रो परम्परा रहिआएको छ । अघिल्लो पटक प्रभु रिसाइबक्सेर नाकाबन्दी लगाएका बेला मैले यत्रै पनि टेरिन । त्यसले हाम्रा बिचमा राम्रो परेको थिएन । त्यै भएर चुनाउमा रैतीले हामीलाई सरकार बनाउने अधिकार दिँदा पनि डेउडापतिले सरकार नछोडेर टाँस्सिएको टिाँस्सियै छन् । उनलाई भनसुन गरेर छिटो छोड भन्न लगाउनु थियो । अर्को कुरा म आफै पनि उतै जाने थिएँ, म उता गएको भए लौ उखानप्रसाद पनि उतै लम्पसार परो भनेर ढोल पिट्दै हिँड्ने थिए । यतै बोलाएर भेटेपछि त लम्पसार परेको कुरा भएन नि । हाम्रो आदेशमा प्रभु हिँडे नि त । तेस्रो कुरा चुनाउमा गोलघेरेले चारतारेसँग तीस प्रतिशत माग्दा पनि नपत्याएर उछिट्टिएर मलिन अनुहार लाएर हामीकहाँ भिक्षा माग्न आएका गोलघेरे दलका सुप्रिमोलाई हामीले चालीस प्रतिशतको विलो दिएर गुन लगायौं । तर अहिले उनले पाटी एकाता छिटो गरौं भनेर हैरान परेसान पारेका छन् । कि मलाई पाटी मुखिया चाइयो कि सरकारको मुखिया चाइयो भनेर भालुको कम्पारो भा'छन् । कुनै अडान पनि नभएको पाङभुडेलाई एकतामा ल्याएर मैले आफ्नो पाटी भताभुङ्ङ पार्नु छैन । त्यसैले उनलाई पनि थान्कोमान्को लाइदिनु परो भनेर भन्नलाई बोलाको हो । अब सरकार बनेपछि एकतासेकता गरे पनि गरौंला भनेर कुरो टुङ्ग्या छ ।'

यसरी प्रभुका दूत आएको गएको विषयमा तथ्य कुरो बाहिर आयो । सूर्यछापका मुखिया उखानप्रसाद साँच्चै राष्ट्रवादी अडान भएकै नेता रैछन् । प्रभुलाई समेत झुकाएर दूत आफ्नै मुलुकमा झिकाई छाडे । अब त सरकार बनाउन प्रभुकै मण्डलमा धाउनु त परेन नि । उखानप्रसादको जय होस् ।

*२१ माघ २०७४*

kailubraha73@gmail.com

# वैज्ञानिक समाजवाद र चौथो औद्योगिक क्रान्ति : एक बहस



● इन्द्रमोहन सिग्देल 'बसन्त' ●

*जतातत‍ै रोबोटहरको प्रयोग हुन थाले पछि तेस्रो विश्वका श्रमजीवीहरू वैदेशिक रोजगारीका लागि विकसित मुलुकतिर जाने क्रम पनि घटने छ । बरू उल्टै अविकसित मुलुकको आर्थिक समृद्धिका लागि सहयोग भन्ने नाममा साम्राज्यवादीहरू रोबोटहरू लिएर नाफा आर्जन गर्नका लागि तेस्रो विश्वतिर ओईरिने छन् र तेस्रो विश्वका शासकहरूले आफ्ना मालिकलाई रातो कार्पेट विच्छ्याएर स्वागत गर्ने छन् । उदाहरणका लागि, ूइलभ द्यभति इलभ च्यबमू र ू:बपभ ष्ल क्ष्लमष्बू भन्ने जस्ता यतिबेलाका चर्चित नाराहरूले त्यतैतिर संकेत गर्छन् । यसले बेरोजगारलाई रोजगारी दिने होइन, बरू देशका प्राकृतिक साधन श्रोतलाई साम्राज्यवादीहरूको पोल्टामा सुम्पने र देशलाई टाट पल्टाउने मात्र हो ।*

सामान्यतः ७०को दशकको उत्तरार्धतिर चीनमा पुँजीवादको पुनर्स्थापना भएपछि र विशेषतः ९०को दशकको पूर्वाधमा रुसी सामाजिक साम्राज्यवादको विघटन भएपछि साम्राज्यवादका पक्षधरहरूले मार्क्सवाद असफल भएको, समाजवादको भविष्य समाप्त भएको र पुँजीवाद निर्विकल्प बन्न गएको भन्ने कोकोहोलो मच्चाउँदै आएका छन् । रुस तथा चीनमा भएको प्रतिक्रान्ति पछि विश्वमा कहीं पनि सर्वहारा क्रान्ति सफल नभएको र पेरु तथा नेपालमा चलेका जनयुद्धहरूले पनि अन्ततः गम्भीर धक्का खाएको स्थितिमा यो विषयले केही मान्छेहरूलाई निकै निरास बनाएको छ । आफुलाई अब्बल दर्जाका कम्युनिष्ट ठान्ने 'ठूला नेताहरूलाई' पनि प्रतिक्रान्तिको यो हावाले बढारिरहेको छ र एकपछि अर्को गर्दै तिनले पुँजीवादी संसदीय व्यवस्थामा टाउको घुसारेर आफ्नो राजनीतिक भविष्यको 'सुरक्षा' खोजिरहेका छन् । फेरि अर्कोतिर, बारंबारको आर्थिक संकटको पृष्ठभूमीमा कतिपय बुर्जुवा अर्थशास्त्रीहरूले समेत नवउदारवादको अन्त भयो, आजभोलि पुँजीवाद असफल भयो र यसको पतन सन्निकट छ भन्न थालेका छन् । यसले यतिबेला विश्व राजनीतिक मञ्चमा पुँजीवाद निर्विकल्प बनेको हो वा पुँजीवादको खरानीमा समाजवाद अवश्यम्भावी बनेको हो भन्ने दुईवटा गम्भीर प्रश्नलाई अगाडि तेर्स्याइदिएको छ । यो छोटो लेख यही विषयको सेरोफेरोमा केन्द्रित रहने छ ।

वैज्ञानिक समाजवाद र पुँजीवादका बीचको संघर्षमा यतिबेला समाजवाद रक्षात्मक अवस्थाबाट गुज्रिरहेको छ । साथै, पुँजीवाद पनि समस्याबाट मूक्त छैन । यस बीचमा पुँजीवादमा पनि थुप्रै गम्भीर आर्थिक तथा राजनीतिक संकटहरू देखापरेका छन् । पुँजीवादी उत्पादन सम्बन्धलाई कायमै राखी आर्थिक मोडेलमा केही आंशिक फेरवदल गरेर पुँजीवादले आजसम्म ती संकटहरू टार्ने कोशिस गर्दै आएको छ । दोस्रो विश्वयुद्धपश्चात् विश्वमा समाजवाद आक्रामक स्थितिमा रहेको बेला साम्राज्यवादीहरूले अल्पविकशित मुलुकमाथि प्रत्यक्ष पहिलेको औपनिवेशिक शोषणको साटो नव-औपनिवेशिक शोषणको तरिका अपनाउन पुगे । त्यसले वैज्ञानिक समाजवादका कतिपय जनपक्षीय आर्थिक कार्यक्रमलाई मिलाएर मिश्रित अर्थतन्त्रको केनेसियन मोडल तयार पाऱ्यो । पुँजीपतिहरू छोटो समयका लागि यो मोडेल मार्फत केही भ्रम छर्न सफल पनि भए । तर, त्यसले पनि अन्ततः पुँजीवादी अर्थतन्त्रमा बारंवार आईलाग्ने संकटलाई सधैंका लागि टार्न सकेन । ७०को दशकको उत्तरार्ध तिर पुँजीवाद पुनः गम्भीर संकटमा फस्न गयो ।

उक्त संकट समाधानको उपायका रूपमा ९०को दशकको सुरुतिर अमेरिकी तथा वेलायती शासकहरूको नेतृत्वमा साम्राज्यवादीहरूले वाशिङ्गटन सहमती गरेर नवउदारवादी आर्थिक नीति अपनाए । साम्राज्यवादी शासक र तिनका भरौटेहरूले नवउदारवादले आर्थिक समृद्धि ल्याउने निकै हौवा पिटे । तर, यो सफल भएन । त्यस पछि पनि पुँजीवाद गहिरो संकटमा फस्दै गएको छ र आजसम्म आउँदा यो पूर्णत असफल भैसकेको छ । यही सन्दर्भमा अर्थशास्त्रमा स्वर्णपदक विजेता, विश्व वैंकका वरिष्ठ उपाध्यक्ष र अमेरिकी राष्ट्रपति विल क्लिन्टनका आर्थिक सल्लाहकार समितीको अध्यक्ष समेत रहेका जोसेफ सिग्लिजले नवउदारवादको मृत्यु भैसकेको कुरा घोषणा गरेका छन् । धनी र गरीवका बीचको आर्थिक खाडल र आम वेरोजगारी बढाउँदै लगेको हुनाले नवउदारवाद पूर्णतः असफल भएको यथार्थलाई फ्रान्सका बुर्जुवा अर्थशास्त्री थोमस पिकेटीले लेखेको '२१औ शताव्दीको पुँजी' भन्ने पुस्तकले राम्रोगरी व्याख्या गरेको छ ।

अर्कोतिर, ९०को दशकबाट विज्ञान र प्रविधिको क्षेत्रमा भने अभूतपूर्व विकास हुँदै आएको छ । मूख्यतः कम्प्युटर तथा इन्टरनेट प्रविधिको विकासले हिजो सूचना संचारको क्षेत्रमा सोच्न पनि नसकिने कुराहरू आज सामान्य बनेका छन् । यसले बौद्धिक श्रमलाई सहज बनाएको छ र मूख्यतः मध्यमवर्गका लागि अनलाईन रोजगारीको सम्भावनालाई केही हदसम्म बढाएको पनि छ । तर वाष्प इञ्जिनको आविस्कार पछिको पहिलो औद्योगिक क्रान्ति र विद्यूत, स्टील तथा पेट्रोलियम पदार्थको आविस्कार भएपछिको दास्रो औद्योगिक क्रान्तिले जस्तो आम रोजगारी वृद्धि गर्न भने यसले सकेको छैन । वैज्ञानिकहरूले यसलाई तेस्रो औद्योगिक क्रान्ति भनेका छन् ।

२१औ शताव्दीको पहिलो र मुख्यतः दोस्रो दशकभित्र विज्ञान तथा प्रविधिले अकल्पनीय विकास भएको छ । यसले गरेको विकास कुनै एउटा क्षेत्रमा मात्र सिमित छैन । यो बहुआयामिक रहेको छ । यसले, त्रि-आयामिक मुद्रण ९घम(एचष्लतष्लन०, कृत्रिम प्रज्ञा (ब्चतषष्अर्ष्बा क्ष्लतर्भाष्निभलअभ), यन्त्रमानव प्रविधि (च्यदयतष्अक), नेनो प्रविधि (ल्बलय त्भअजलययिनथ), स्वचालित जहाज तथा गाडीहरू (म्चयलभक बलम बगतयलकयगक खभजष्अभिक), जैविक प्रविधि (द्यष्यतभअजलययिनथ), स्नायु प्रविधि (ल्भगचयतभअजलययिनथ) लगायत व्यापक क्षेत्र ओगटेको छ । वैज्ञानिकहरूले यसलाई चौथो औद्योगिक क्रान्ति भनेका छन् । यसको वैज्ञानिक तथा प्राविधीक पक्षको विश्लेषण यहाँ सम्भव छैन र यो पंक्तिकारले त्यस बारे आवश्यक क्षमता पनि राख्दैन । यो औद्योगिक क्रान्तिले सामाजिक तथा आर्थिक क्षेत्रमा के के परिवर्तन ल्याउँदैछ र त्यसले वर्गसंघर्ष तथा समाज विकासको प्रक्रियामा कस्तो प्रभाव पार्दैछ भन्ने कुरा यो लेखको सिमा हुनेछ ।

चौथो औद्योगिक क्रान्तिको परिणाम स्वरूप रोबोट निर्माण गर्ने हङ्कङ्कको ह्यान्सन नामको एउटा कारखानाले महिलाको अनुहार र श्वरमा 'सोफिया' नाम दिइएकी एउटी यन्त्रमानवको निर्माण गरेको छ । सोफियाको निर्माण यन्त्रमानव प्रविधि र कृत्रिम प्रज्ञाको उचित संयोजनबाट गरिएको हो । साउदी अरवका धनाढ्यहरूको बीचमा उनले दिएको एउटा स्वतःस्फूर्त मौखिक अन्तरवार्ता गत अक्टोवर २५, २०१७ का दिन ऋल्यद्यञ्ञ नामको एउटा अन्तर्राष्ट्रिय टेलिभिजन संस्थाले युट्युबमा अपलोड गरेको छ । उक्त अन्तरवार्तामा उनले वच्चा जन्माएर एउटा सुखी पारिवारिक जीवन चलाउने अभिलाषा लिएको कुरा बताएकी छन् । उनले साउदी अरवको सरकारबाट त्यस देशको नागरिकता प्राप्त गरेको कुरा विश्व भरी यति बेलाको एउटा हट न्युज बनेको छ ।

गत अगस्त २०, २०१७ को हङ्कङ्कबाट प्रकाशित हुने क्यगतज ऋजष्लब :यचलष्लन एयकत नामको पत्रिकाले चीनको हेबेई प्रान्तको 'पकौडा बनाउने एउटा कारखानामा सबै कामहरू रोबोटले गर्छन्' भन्ने समाचारलाई बाहिर ल्याएको छ । त्यस्तै यही २४ जनवरी २०१८ को सोही पत्रिकाले '१२ प्रकारका चिनीया रोबोटहरूले हाम्रा दैनिक कामहरू खोस्दै' भन्ने शीर्षकमा समाचार प्रकासित गरेको छ । तीमध्ये केही समाचारहरू निम्नानुसार छन् । एक, चीनको हेबेईमा अवस्थित कियोजी (त्तष्बयहष) नामको अदालतमा मानिसहरूलाई स्वागत गर्न रोबोटहरू राखिएको छ, तिनले अदालतको कार्यविधिबारे जानकारी गराउन र कानुनी सल्लाह पनि दिन सक्छन् । दुई, चीनका हतियार कारखानाका एक चौथाई काम रोबोटहरूले गर्दछन् । तीन, चीनको एउटा कलेजको प्रवेश परीक्षामा आइदाम (ब्ष्मक) नाम दिइएको एउटा रोबोटले १० मिनेट भन्दा कम समयमा १५० पूर्णांकमा १३४ अंक प्राप्त गरेको छ । चार, मानवीय सहयोग बिना एउटा चिनीया रोबोटले एक जना बेरामी मानिसको मूखमा दांत फिट गरिदिएको छ । पाँच, गत नोभेम्बर २०१७ मा जिओयी (ह्ष्बयथष) नामको रोबोटले चीनमा मेडिकल लाइसेन्सका लागि लिईने परीक्षा उत्तीर्ण गरेको छ । त्यही क्रममा उक्त समाचारले बोनसको रूपमा एउटा टिप्स पनि दिएको छः त्यसले भन्छ, 'एकजना चिनीया इञ्जिनियरले मानिस श्रीमति नपाएर एउटा रोबोटसंग 'बिहे' गरेका छन्' आदि । यी सबैका अतिरिक्त, पाइलट बिना चल्ने जहाजहरू, ड्राइभर बिना चल्ने गाडीहरू, प्रतिघण्टा १,००० वटा इँटा लगाएर घर निर्माण गर्न सक्ने रोबोटहरू लगायत थुप्रै यन्त्रहरू दैनिक प्रयोगमा आएका समाचारहरू आजकल छरपष्ट बन्ने गरेका छन् । यी कुराहरू आजभन्दा पहिले कल्पनादेखि बाहिर थिए ।

इतिहासबाट थाहा पाइन्छ कि, पहिलो र दोस्रो औद्योगिक क्रान्तिले प्रसस्त उद्योग तथा कारखानाको निर्माण गर्ने र रोजगारीको क्षेत्र व्यापकरूपमा विस्तारगर्ने काम गरेका थिए । तर तेस्रो र मुख्यतः चौथो औद्योगिक क्रान्तिले पहिलो र दोस्रो औद्योगिक क्रान्तिले सिर्जना गरेका र नयाँ बनेका रोजगारीका क्षेत्रमा रोबोटहरूलाई पठाएर बौद्धिक तथा शारीरिक श्रमगर्ने दुवै प्रकारका श्रमजीवीहरूलाई विस्थापित गर्न थालेको देखिन्छ । ठीक यही सन्दर्भमा नोभेम्बर २९, २०१७ को बिबिसी अनलाइनले प्रसारण गरेको एउटा समाचारलाई लिउँ । उक्त समाचारले लेख्दछ, 'एउटा परामर्शदातृ संस्थाको प्रतिबेदन अनुसार २०३० सम्ममा संसारभरिका ८० करोड मजदुरहरूले आफ्नो काम गुमाउने छन् र ती सबै काम स्वचालित रोबोटहरूले गर्नेछन् । म्याकिन्से वैश्विक संस्था (:बअपष्लकभथ नयिदर्बा क्ष्लकतष्तगतभ) ले ४६ वटा देश र ८०० प्रकारका पेशामाथि गरेको अध्ययनका आधारमा विश्वको जम्मा ५ भागको १ भाग श्रमशक्ति रोबोटबाट प्रभावित हुने तथ्य पत्ता लगाएको छ । प्रतिबेदनले भनेको छ, जर्मनी तथा अमेरिका जस्ता धनी देशका एकतिहाई श्रमशक्तिले अरुकाम खोज्नु पर्ने हुनसक्छ ।' यसरी नै फेब्रुअरी १४, २०१६मा प्रकाशित अनलाइन पत्रिका ँष्लबलअष्बा त्ष्भक ले 'कृत्रिम प्रज्ञा र यन्त्रमानवले सामूहिक वेरोजगारी निम्त्याउँदै छन् र बौद्धिक मेसिनहरूले अर्थतन्त्रका सबै क्षेत्रमा मानव श्रमिकहरूलाई छिटै विस्थापन गर्दैछन् भनी वैज्ञानिकहरूले चेतावनी दिएका छन्' भन्ने शीर्षकमा एउटा समाचार प्रकासित गरेको छ । आजकल, फलानो कम्पनीबाट यतिजना मजदुरले आफ्नो कामबाट हात धोए र त्यहां रोबोटहरूलाई खटाईयो भन्ने समाचारहरू प्रशस्त पढ्न पाइन्छन् ।



यहाँनेर एउटा गम्भीर प्रश्न उठ्छ । के त्यसो भए विज्ञान तथा प्रविधिले ल्याएको चौथो औद्योगिक क्रान्ति मानवताको निमित्त अभिशाप नै हो त ? यसका दुईवटा जवाफ छन् होइन पनि, हो पनि । यो आजसम्मको वर्गसंघर्ष, उत्पादनका निमित्त संघर्ष र वैज्ञानिक प्रयोगको इतिहासमा मानव जातिले आर्जन गरेको उच्चस्तरको ज्ञानको उपज हो । यो उत्पादक शक्तिको विकास हो । यसले मानव समाजलाई नयाँ ठाउँमा पुऱ्याउने क्षमता राख्दछ । यस अर्थमा यो एउटा वरदान हो, अभिशाप होइन । तर यसको प्रयोग ठीक ढंगले हुन नसक्ने हो भने यो अभिशाप बन्ने कुरा पनि निश्चित छ । अक्टोबर १९, २०१६मा बेलायतबाट प्रकाशित त्जभ न्गबचमष्बल भन्ने पत्रिकामा 'कृत्रिम प्रज्ञा मानवताको निमित्त या त अति राम्रो अथवा अति नराम्रो हुनेछ' भन्ने स्टेफेन हकिङको भनाइ एकदम सही छ । यो प्रविधिलाई राज्यले आफ्नो नियन्त्रणमा लिएर मानव जातिको हितमा प्रयोग गर्न सक्दा यो अति राम्रो हुन्छ, श्रमिकको आवश्यक श्रमघण्टा कम हुन जान्छ र मानव समाज उन्नति, समृद्धि र समानताको दिशातिर अगाडि बढ्छ । तर, यसमाथि राज्यको नियन्त्रण नहुने र पुँजीपतिले नाफाको निमित्त प्रयोग गरिराख्ने हो भने यसले समाजलाई विघटन गर्ने र यसरी मानव सभ्यता नै विध्वंशको खतरा तिर पुऱ्याउँछ । यस अर्थमा यो अति नराम्रो कुरा हुनेछ ।

यो स्थितिले देखाउँछ कि विश्व यतिबेला एउटा अत्यन्त खतरनाक मोडमा खडा छ । पुँजीवादले अवलंवन गरेको नव उदारवादी नीतिका कारण साम्राज्यवादी शासक तथा तिनका दलालहरू बजारलाई नियन्त्रण गर्ने भूमिकामा छैनन् । बरु उल्टै बजारले उनीहरूलाई नियन्त्रण गरिराखेको छ । बजारलाई शासकहरूले नियन्त्रण गर्ने राजनीतिक व्यवस्थाको स्थापना नभएसम्म मानव जातिले युगौं-युग लगाएर आर्जन गरेको ज्ञान र त्यसको उपज चौथो औद्योगिक क्रान्तिका उपलव्धीलाई एकाधिकारवादी पुँजीपतिहरूले आफ्नो मुनाफाको निमित्त प्रयोग गरिरहने छन् । त्यसले धनी र गरीवका बीचको खाडललाई अरु बढाईरहने छ, आर्थिक संकट अरु गहिरिने छ र बर्षेनी करोडौंको संख्यामा बेरोजगारहरू थपिंदै जाने छन् र मार्क्सको भाषामा श्रमको जगेडा सेना निर्माण हुनेछ । यसले पुँजीवादी मुलुकहरूमा श्रम र पुँजीका बीचको अन्तरविरोधलाई गुणात्मक ढङ्गले चर्काईदिने छ ।

अर्कोतिर, जतातत‍ै रोबोटहरको प्रयोग हुन थाले पछि तेस्रो विश्वका श्रमजीवीहरू वैदेशिक रोजगारीका लागि विकसित मुलुकतिर जाने क्रम पनि घटने छ । बरु उल्टै अविकसित मुलुकको आर्थिक समृद्धिका लागि सहयोग भन्ने नाममा साम्राज्यवादीहरू रोबोटहरू लिएर नाफा आर्जन गर्नका लागि तेस्रो विश्वतिर ओईरिने छन् र तेस्रो विश्वका शासकहरूले आफ्ना मालिकलाई रातो कार्पेट विच्छ्याएर स्वागत गर्ने छन् । उदाहरणका लागि, ूइलभ द्यभति इलभ च्यबमू र ू:बपभ ष्ल क्ष्लमष्बू भन्ने जस्ता यतिबेलाका चर्चित नाराहरूले त्यतैतिर संकेत गर्छन् । यसले बेरोजगारलाई रोजगारी दिने होइन, बरु देशका प्राकृतिक साधन श्रोतलाई साम्राज्यवादीहरूको पोल्टामा सुम्पने र देशलाई टाट पल्टाउने मात्र हो । बरु के कुरा निश्चित हो भने, यसले साम्राज्यवादीहरूका बीचको आपसी अन्तरविरोध, साम्राज्यवाद तथा उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तरविरोध र उत्पीडित देशका शासक तथा जनताका बीचको अन्तरविरोध समेत गरी सबैलाई एकै साथ अरु चर्काइदिने छ । यसरी आउने दिनमा यो वा त्यो देश मात्र होइन पूरै विश्व चर्किंदै गएका तीनवटै आधारभूत अन्तरविरोधहरूको डरलाग्दो भुँवरीतिर ठेलिंदै छ । यो तेस्रो विश्वयुद्धको खतरा क्षितिजमाथि मडारिइरहेको छ भन्ने पनि हो । तेस्रो भैहाल्यो भने यसले ल्याउने ध्वंसात्मक परिणामको कल्पनासम्म पनि अहिले गर्न सकिन्न ।

अन्तमा, माथिको विश्लेषणबाट यो स्पष्ट हुन्छ कि वर्तमान पुँजीवादी व्यवस्थाअन्तर्गत जस्तोसुकै सुधार गरे पनि त्यसले चौथो औद्योगिक क्रान्तिले गरेको पछिल्लो उत्पादक शक्तिको विकास र पुरानो उत्पादन सम्बन्धका बीचको अन्तरविरोधका कारण साम्राज्यवादी विश्व व्यवस्थामा पैदा भएको संकटलाई मत्थर पार्न सक्ने छैन । यो अन्तरविरोध उत्कर्षतिर पुगेको छ । विकसित उत्पादक शक्तिले पछिपरेको उत्पादन सम्बन्धलाई बदली नयाँ उत्पादन सम्बन्ध कायम गरेपछि मात्र यो अन्तरविरोध समाधान हुन्छ । यो अन्तरविरोधले पुँजीवाद र पुँजीवादी व्यवस्था दुवैलाई मृत्युतिर धकेल्दै छ र यही प्रक्रियामा समाजवादको उदय हुँदै छ । तर, यो काम पुँजीवादी व्यवस्था भित्र सुधार गरेर र पुँजीपतिवर्गको नेतृत्वमा ...बाँकी ७ पेजमा

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# तीन महिने अभियान अन्तर्गत ४ नं. प्रदेशमा भएका गतिविधिहरू

केशबहादुर परियार

१) ४ नं. प्रदेशको बागलुङ्ग जिल्लाको ताराखोला गाउ‘पालिका भुस्कटमा एक दिने प्रशिक्षणात्क पिकनिक कार्यक्रम संम्पन्न भएको छ । उक्त कार्यक्रममा वरिष्ठ बद्धिजीवि, समाजसेवी तथा हाम्रो पार्टीका प्रमुख सल्लाहाकार प्रा. डा. ओम गुरुङ्कको प्रमुख आतित्थ्यतामा संम्पन्न उक्त कार्यक्रममा पार्टीका पोलिटब्यूरो सदस्य तथा देजमो नेपाल ४ नं. प्रदेश संयोजक कमरेड केशवहादुर परियार, पार्टी केन्द्रिय सदस्य कमरेड निलवहादुर पुन, देजमा नेपाल केन्द्रिय सदस्य कमरेड भिमवहादुर श्रीसको विषेश उपस्थिति रहेको थियो ।

हालै सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा बागलुङ्ग जिल्लाबाट प्रत्यक्षतर्फ र समानुपातिक तर्फका सबै उम्मेदवारहरु, जिल्ला पार्टीका सबै कमरेडहरु, कलाकारहरु, पार्टीका सर्मथक शुभचिन्तक र हाम्रो पार्टीलाई मतदान गर्ने सम्पूर्ण मतादाताहरुलाई धन्यवाद दिदै डा. ओम गुरुङ्कले भन्नु भयो एकातिर तथाकथित वामगठवंन्धन अर्कोतिर प्रजातान्त्रिक गठवंन्धनको ब्यापक प्रचारप्रसार र पैसाको खोलो बगाई रहेको अवस्थामा पनि हाम्रो पार्टीको संगठनको अवस्था पनि कमजोर र कार्यकर्ता पंक्तिलाई पनि राम्रोस‘ग परिचालन गर्न नसकिएको भएता पनि वर्तमान राज्यसत्ता र व्यवस्थाको भण्डाफोर गरी पार्टी र संगठनको विचार जनसमक्ष पुर्‍याउन सफल भएको र निर्वाचनको क्रान्तिकारी उपयोगको नीति ठिक भएको बताउनु भयो ।

त्यसै गरी पोलिटब्यूरो सदस्य तथा देजमो नेपाल ४ नं. प्रदेश संयोजक कमरेड केशवहादुर परियारले यो निर्वाचनमा हाम्रो पार्टीले सोचे जति मत प्राप्त गर्न नसकेता पनि क्रान्तिकारी माओवादी पार्टीको राजनीति विचार र कार्यक्रमले जितेको छ । यो निर्वाचन पश्चात विभिन्न पार्टी परित्याग गरी हाम्रो पार्टीमा प्रवेश गर्ने नेता कार्यकर्ता र जनताको लहरले उक्र कुराको पुष्टि गरेको छ । नया‘ जनवादी क्रान्ति संम्पन्न गर्नका लागि क्रान्तिकारी पार्टी, क्रान्तिकारी जनसेना र क्रान्तिकारी संयूक्त मोर्चा निर्माणलाई गाउ‘ र वडातहसम्म विस्तार गर्दै पार्टी सुदृढीकरणको अभियानमा लागिरहेको कुरा बताउनु भयो । तथाकथित वामगठवंन्धनका नाममा दक्षिणपन्थीहरुको एकता मजवुद हुदै गैरहेको बेला क्रान्तिकारीहरुको एकता र ध्रुवीकरणको आवश्यकतालाई ध्यानमा राख्दै विभिन्न क्रान्तिकारी पार्टीहरुसग‘को पार्टी एकताको अभियानलाई समेत अगाडी बढाउदै लगिएको कुरा बताउनु भयो ।

त्यसै गरी केन्द्रिय सदस्य कमरेड निलवहादुर पुनले हाम्रो पार्टीको चुनाव चिन्ह मुठ्ठीमा मतदान गर्ने सम्पूर्ण मतादाताहरुलाई धन्यवाद दिदै पार्टीले हालै सञ्चालन गरेको तिन महिने अभियानलाई सफल बनाउन पार्टीका कार्यकर्ता, सर्मथक शुभचिन्तकहरु सम्पूर्णलाई आब्हान गर्नु भयो ।

२) ने. के. पा. (क्रान्तिकारी माओवादी) ढोरपाटन नगर कमितिको आयोजनामा नगर स्तरीय प्रशिक्षण भेला सचिव क. हेमेन्द्र घर्ति मगरको अध्यक्षतामा बुर्तिवाङ्कमा सम्पन्न भएको छ । पोलिटब्यूरो सदस्य कमरेड केशवहादुर परियारको विषेश उपस्थिती र केन्द्रिय सदस्य कमरेड निलवहादुर पुनको उपस्थितीमा सम्पन्न भेलामा पार्टीले हालै सञ्चालन गरेको तिन महिने अभियानलाई सफल बनाउन पार्टीका कार्यकर्ता, सर्मथक, शुभचिन्तक सम्पूर्णलाई आब्हान गरिएको छ । भेलाले ढोरपाटन नगरपालिकामा मात्रै तिन सय देखि पाच सय देजमोको साधारण सदस्यता विस्तार गर्ने लक्ष्य लिएको छ । आगामी फाल्गुन महिनाको पहिलो हप्तामा ढोरपाटन नगरपालिका, निसीखोला गाउ‘पालिका, बढीघाट गाउ‘पालिका र आसपासका गाउ‘हरुबाट उपस्थित हुने एक दिने प्रशिक्षणात्क पिकनिक कार्यक्रम बुर्तिवाङ्कमा गर्ने निर्णय गरेको छ । उक्त प्रशिक्षणात्क पिकनिक कार्यक्रममा पार्टीका केन्द्रिय नेताहरुलाई समेत उपस्थित गराउने कुरा आयोजकले बताएका छन् ।

३) पर्वतमा पार्टीको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । देजमोको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । देजमोको सदस्यता वितरण अभियान तिब्र गतिमा भैरहेको छ । चैत्र मसान्त सम्ममा कम्तीमा एक सय पचास देजमोको साधारण सदस्यता वितरण गर्ने लक्ष्य राखिएको छ । ने. के. पा. (क्रान्तिकारी माओवादी) पोलिटब्यूरो सदस्य तथा ४ नं. प्रदेश सचिव कमरेड श्याम र पोलिटब्यूरो सदस्य तथा देजमो नेपाल ४ नं. प्रदेश संयोजक कमरेड केशवहादुर परियारको विषेश उपस्थितीमा सम्पन्न बैठकको अध्यक्षता कमरेड तेजेन्द्र पौडेलले गर्नु भएको थियो ।

४) तनहुँमा पार्टीको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । देजमोको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । नगरपालिका र गाउ‘पालिकाका बैठकहरु र भेलाहरु भैरहेका छन् । देजमोको सदस्यता वितरण अभियान तिब्र गतिमा भैरहेको छ । चैत्र मसान्त सम्ममा कम्तीमा तिन सय देजमोको साधारण सदस्यता वितरण गर्ने लक्ष्य राखिएको छ ।

नवलपुरमा पार्टीको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । देजमोको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । ६ वटा इलाकामा जिल्लालाई विभाजन गरी पार्टी र देजमोको संगठन विस्तारको कामलाई तिब्रता दिइएको छ । १,२,३,४ र ६ नम्बर इलाकाका बैठक भेला सम्पन्न भैसकेका छन् भने ५ नम्बर इलाकाको बैठक बस्ने तयारीमा छ । देजमोको सदस्यता वितरण अभियान तिब्र गतिमा भैरहेको छ । चैत्र मसान्त सम्ममा कम्तीमा पा‘च सय देजमोको साधारण सदस्यता वितरण गर्ने लक्ष्य राखिएको छ ।

५) गोर्खामा पार्टीको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । देजमोको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । चैत्र मसान्त सम्ममा कम्तीमा एक सय पचास देजमोको साधारण सदस्यता वितरण गर्ने लक्ष्य राखिएको छ ।

६) कास्कीमा पार्टीको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । देजमोको जिल्ला कमिति बैठक सम्पन्न भएको छ । जबस मोर्चाहरुका जिल्ला भेलाहरु भैरहेका छन् । यूवा मोर्चा, विद्यार्थी मोर्चा, सुकुमवासी मोर्चा, मजदर मोर्चा लगायतका मोर्चाहरुको जिल्ला कमितिहरु बनेका छन् । अन्य मोर्चाहरुको भेला हुने तयारीमा छन् । महानगरपालिका र गाउ‘पालिकाका बैठकहरु र भेलाहरु हुने तयारीमा छन् । देजमोको सदस्यता वितरण अभियान तिब्र गतिमा भैरहेको छ । चैत्र मसान्त सम्ममा कम्तीमा पा‘च सय देजमोको साधारण सदस्यता वितरण गर्ने लक्ष्य राखिएको छ ।

७) लम्जुङ्ग, स्याङ्गजा, म्याग्दीमा भेलाको तयारी भैरहेको छ । मुस्ताङ्गमा सम्पर्क माध्यम बनेको छ भने मनाङ्गमा सम्पर्क विस्तारमा लागिएको छ । लम्जुङ्गमा चैत्र मसान्त सम्ममा कम्तीमा पचास देजमोको साधारण सदस्यता वितरण गर्ने लक्ष्य राखिएको छ । स्याङ्गजामा चैत्र मसान्त सम्ममा कम्तीमा पचास देजमोको साधारण सदस्यता वितरण गर्ने लक्ष्य राखिएको छ । म्याग्दीमा चैत्र मसान्त सम्ममा कम्तीमा सय देजमोको साधारण सदस्यता वितरण गर्ने लक्ष्य राखिएको छ ।

८) ढोरपाटन नगरपालिकाको बुर्तिवाङ्कमा नेपाल दलित मक्ति मोर्चाको भेला सम्पन्न भएको छ । पोलिटब्यूरो सदस्य तथा दलित मोर्चा फयाक्शन इन्चार्ज केशवहादुर परियारको प्रमुख आतित्थ्यता र मोर्चाका केन्द्रिय सदस्य बिर वहादुर बि.क. को अध्यक्षतामा सम्पन्न भेलाले सात सदस्यीय नेपाल दलित मक्ति मोर्चा ढोरपाटन नगर भेला आयोजक कमिटि गठन गरेको छ । संयोजकः ओमवहादुर श्रीपाली, सचिवः सुनिल सुनार, सदस्यहरुः लालवहादुर बि.क. , बुद्धराम नेपाली, थमन बि.क. , धनवहादुर बि.क. र तुलवहादुर बि.क. रहेका छन् । उक्त भेलामा पार्टी केन्द्रिय सदस्य कमरेड निलवहादुर पुन, ढोरपाटन नगर कमिति सचिव क. हेमेन्द्र घर्ति मगर लगायत जिल्लाका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

## मोदीले...

भनेर फस्किएका छन् । दिल्लीले ओलीलाई विश्वासमा लिएपछि र दिल्लीकै डिजाइन अनुसार माकेविनै फोरम र राजपालाई साथ लिएर बहुमतको सरकार बनाउने गाइँगुइँ चल्न थालेपछि प्रचण्ड झनै तनावमा परेको माकेको उच्च स्रोतले बतायो । र, पार्टी एकतामा पनि एमालेले महत्व दिन थालेपछि माओवादी केन्द्रभित्र भाँडभैलो मच्चिन पुगेको स्रोतको दावी छ ।

मोदीले आफै फोन गरेर बधाई दिने, प्रधानमन्त्रीको रुपमा दिल्लीमा स्वागत गर्न आतुर छु भन्नेदेखि रअ प्रमुख अनिल, राजदूत मञ्जिवसिंह, विदेशमन्त्री सुष्मा स्वराजलगायतका दूतहरुमार्फत् ओलीलाई नयाँ एजेण्टको रुपमा प्रयोग गर्न खोजेको देखिएको छ भने सत्ताको लागि जे गर्न पनि तयार रहेका संसदवादी पार्टीहरुभित्रको एमाले दिल्लीको दाहिना हुन र सत्तामा टिकिरहन जस्तोसुकै राष्ट्रघात पनि गर्न पछि नपर्ने गरी मोदीसँग सम्बन्ध जोड्न पुगेको कुटनीतिक वृतमा चर्चा छ ।


पछिल्लो भेटमा ओलीलाई भारतीय विदेशमन्त्री स्वराजले सेना र परराष्ट्र दिल्लीलाई हस्तान्तरण गर्न प्रस्ताव गरेको भन्ने खबर सनसनी बनेको छ । यसले नेपालको भुटानीकरण र सिक्किमीकरणको खतरा बढाएर लगेको देखिन्छ ।

यसैबीच, सबैभन्दा धेरै सहयोग गर्दै आएको भुटानतर्फको ९ प्रतिशत बजेट कटाएर नेपालतर्फ भारतले दोब्बर सहयोग बढाएको छ । भारत सरकारले नेपाललाई दिँदै आएको आएको ऋण तथा अनुदान सहयोग झण्डै दोब्बरले बढाएको हो ।

जेट्लीले विहीबार सार्वजानिक गरेको आर्थिक वर्ष २०१८-१९ को बजेटमा दक्षिण एशियातर्फ छुट्याइएको ऋण तथा अनुदान सहयोग रकममा नेपालका लागि ६ सय ५० करोड बराबरको रकम विनियोजन प्रस्ताव गरेको छ । गत आर्थिक वर्षमा यो रकम ३ सय ७५ करोड रहेको थियो । गत वर्ष ६ प्रतिशतमा रहेको रकम यस वर्ष झण्डै १२ प्रतिशत पुरयाइएको छ । यो रकम भारतले दक्षिण एशियाकालागि छुट्याएको ५ हजार ९ सय ८५ करोडबाट छुट्याइएको हो ।

नेपाललाई चीनको प्रभावबाट मुक्त पारी आफ्नो एकाधिकार कायम गर्न भारतले नयाँ नयाँ चालहरु चालिरहेको छ । र, चीनसँग बेल्ट एण्ड रोडमा गरिएको सहमति कार्यान्वयन गराउन नदिन भारत मरिहत्ते गरेर लागि परेको छ ।

# श्रम



● ईश्वर ढुंगेल ●



**के हो श्रम ?**

कुनै पनि वस्तु र विषयको परिभाषामा अलमलिनु हुदैन त्यसको व्याख्या गर्नुपर्छ । श्रमलाई नेपाली बृहत शब्दकोशले ’कुनै वस्तुको उत्पादन तथा निर्माण वा जीवन निर्वाहका निम्ति शारीरिक वा बौद्धिक शक्ति लगाएर गरिने काम ।‘ लाई अर्थ्याएको छ । श्रम भन्नासाथ त्यो उत्पादनसँग जोडिन्छ चाहे त्यो शारीरिक होस वा मानसिक । तर मार्क्सवादी राजनीतिक अर्थशास्त्रले ‘जुन श्रमबाट उपयोग मूल्य सिर्जना हुन्छ , त्यसको महत्व गुणात्मक हुन्छ जसलाई धयचप आफ्नो काम भनिन्छ जुन बिदयगच ज्यालादारी श्रमभन्दा भिन्न हुन्छ । जुन श्रमबाट मूल्य सिर्जना हुन्छ , त्यसको महत्व परिमाणात्मक हुन्छ जसलाई बिदयगच ज्यालादारी श्रम भनिन्छ जुन धयचप आफ्नो कामभन्दा फरक हुन्छ । यसकारण उपयोगी श्रम र ज्यालादारी श्रम फरक हो । अर्को प्रसङ्गमा दुई किसिमबाट हेरिन्छ । मानसिक र शारीरिक श्रम । शारीरिक श्रमलाई पनि दुई भागमा बाडिएको छ । सिपको काम गर्ने र शारीरिक काम गर्ने । सिप नहुनेले सबैभन्दा गाह्रो काम गर्दछ र सबैभन्दा कम ज्याला पाउँछ ।

**श्रम प्रक्रियाको प्राथमिकतत्वहरू**

श्रम प्रक्रियाको लागि सबैभन्दा पहिले मानिसको क्रियाशीलता अर्थात् आफै काम गर्न तत्परता दोस्रो श्रमको वस्तु र तेस्रो श्रमको साधन अर्थात् औजार । मानिसले उपयोग गर्ने असंख्य वस्तु प्रकृतिमा तयार छ । हावा र प्रकाश बाहेक सबै वस्तुहरूको उपयोग गर्न श्रम अनिवार्य हुन्छ जुनव्यक्ति स्वयमूले गर्नुपर्छ । यसको अर्थ श्रमबिना मानिस जीवित रहन सक्दैन । हावा र प्रकाश पनि खास उद्देश्यको लागि प्रयोग गर्न श्रम लगाउन अनिवार्य हुन्छ । अर्को शब्दमा भन्दा हाम्रो उपयोगको लागि प्रकृतिमा वस्तुहरू प्रशस्त छन् तर त्यसको लागि हाम्रो आफ्नै श्रम ती वस्तुहरूमा लगाएर त्यसलाई उपयोगको लागि तयार गर्ने काम श्रम प्रक्रिया हो । त्यो श्रम प्रक्रियामा प्रयोग हुने आफ्नो श्रम, तयार गर्ने वस्तु र तयार गर्न प्रयोग गर्ने औजारहरू श्रम प्रक्रियाको प्राथमिक तत्वहरू हुनू ।

**आङ्गिक विकासमा श्रम**

श्रम मानव जीवनको अपरिहार्य (नभइनहुने) गति हो । ‘हात श्रमेन्द्रीय मात्र होइन त्यो श्रमको उपज पनि हो ।’ (मा. ए. स. र. ३ : १ : ७९) मा एङ्गेल्स लेख्दन् । बादरबाट मानिस बन्ने क्रममा पुनर्उत्पादन गरिरहेका मानिसहरूले आफ्नो कामको अनुभव तथा समस्यालाई व्यक्त गर्ने क्रममा उनीहरूको वाक प्रेरणा उत्पन्न गर्ने निरतर प्रयासले ओठ, दाँत, जिब्रो, तालु तथा कण्ठमा स्वर तन्त्रिकाको विकास भयो । जसका कारणले फरक फरक आवाज निकाल्न मात्र होइन फरक फरक सुन्ने र बुझ्ने कोष, तन्तु तथा स्नायुको विकास भयो र मानिस आफ्नो कुरा भन्न र अरुको कुरा सुन्नको साथै बुझाउन र बुझ्न सक्षम भयो । श्रम र इच्छाशक्तिले मानिसहरूको आङ्गिक संरचनाको निर्माण मात्र होइन त्यसको विकास र विविधता समेत बढ्दै गएको छ ।

यसको ज्वलन्त उदाहरणको रूपमा हाम्रो परिवेशसँग हामीले गरेको अन्योनक्रिया भन्दा हाम्रो नाति नातिनीले उनीहरूको परिवेशसँग गरिरहेको अन्योनक्रिया सधन, विविध र परिष्कृत देखिन्नछ । पुस्तान्तरमा हुने चेतनाको विविधता र विशिष्टता श्रमको उत्तरदान अर्थात् प्रतिफल हो ।

**बौद्धिक विकासमा श्रम**

मानिसहरूले अहिलेसम्म प्राप्त गरेको सबै ज्ञान ऐतिहासिक क्रियाकलापको देन हो । अगाडिका पुस्ताहरूले आफ्ना आवश्यकताहरूको पूर्तिका लागि गरेका विविध क्रियाकलापबाट प्राप्त ज्ञान, सिप र औजार तथा यन्त्रहरूबाट हामी आफ्नो आवश्यकता पूरा गर्न प्रयत्नशील हुन्छौं । हाम्रो प्रयत्न त्यसबाट अझ बढी आवश्यकता पूरा गर्ने, त्यसको गुण, क्षमता बृद्धि र त्यसमा विविधता थप गरी अझ बढी उपयोगी बनाई आफ्नो कामहरूलाई अझ सरल बनाउँछौं । ओरालोमा पानी बगेको, खाल्टोमा पानी जमेको देखेर पानी राख्ने भाडामा बिट बनाइएको हो । थालमा पानी बोकेर हिंड्दा हल्लिएर पोखिने भएकाले बाल्टिन बनाएको हो त्यो पनि लड्यो भने सबै पानी पोखिने भएकोले गाग्री बनाएको हो । गोलो वस्तु गुडेको देखेर कुनै गह्रौं वस्तु ओसार पसार गर्दा गोलो वस्तु माथि राखेर गुडाउँदा सजिलो र समयको पनि बचत हुने थाहा भयो । यस ज्ञानले गाडा, रथ जस्ता साधनहरू निर्माण गरे ।

ग्राहम बेल घर बनिरहेको स्थानमा खेलिरहेका थिए । उनी तल्लो तलामा आए त्यो कोठामा काम भएको थिएन यो आवाज कहाँबाट आयो भनी खोजी गरे पछि पत्ता लाग्यो कि काम भइरहेको कोठाबाट त्यो कोठासम्म एउटा डोरी आएको रहेछ । त्यसको परीक्षणबाट पत्ता लाग्यो कि सुत्रबाट आवाज दौडदो रहेछ भन्ने थाहा भए पछि टेलीफोनको अविष्कार भएको हो । भात पकाउँदा कसौंडिको बिर्को उचालेको देखेर त्यही ज्ञानको आधारमा बाफबाट चल्ने यन्त्र बनाए । पानीभन्दा बढी बाफ फाल्न सक्ने पेट्रोलियम पदार्थ प्राप्त भए पछि मोटरको आविष्कार भयो । साइकल, मोटर र प्रेसको बिक्रेता र वर्कसप चलाउने राइट दाजुभाइले हवाइजहाज बनाए । पदार्थहरू तताउँदा फैलिने र चिस्याउँदा खुम्चिने तथा कतिपय वस्तु तताउँदा विष्फोट हुने अथवा अत्यधिक हावा फाल्ने हुदा त्यस्ता वस्तुहरूको सहायताले शिकार खेल्ने, माछा मार्नेमात्र नभई पहाड फोर्ने समेत कामगर्न थाले । त्यसैको विकसित रूप रकेट प्रविधि हो । वस्तुहरूको बिचमा हुने घर्षणले ताप तथा विद्युत शक्ति उत्पन्न हुने ज्ञान प्राप्त भए पछि मेसिनलाई सस्तो ऊर्जा प्राप्त भयो । त्यही मेसिनमा काम गर्ने मानिसको गल्तीले उल्टोपाल्टो पारे पछि एकातिर घुमिरहेको मेसिन अर्कोतिर घुम्न थाल्यो पछि किन यस्तो भयो भन्ने खोजी भए पछि फेज उल्टोपाल्टो भयो भने मेसिन पनि उल्टो घ’म्दो रहेछ भन्ने थाहा भयो । ऊर्जाको संरक्षण र रूपान्तरणको नियम पत्ता लागे पछि यस ज्ञानबाट साना खालका यन्त्र तथा उपकरणहरू बनाउने सफलता मिल्यो । यसबाट मानिसहरूलाई धेरै सुविधा प्राप्त भयो । बस्तुमा गति हुन्छ त्यही गतिका कारण वस्तु शक्तिमा रूपान्तरण हुन्छ नियम अलबर्ट आइन्टाइनले पत्ता लगाए । ताप र शक्ति निरन्तर एक एकवटा गरेर बग्ने होइन यो त पोकाको रूपमा बग्दछ भन्ने तथ्य धेरै वैज्ञानिकहरूको अनुसन्धान पछि पत्ता लाग्यो । यस नियमको पत्ता लागे पछि सञ्चार, उद्योग तथा अन्य क्षेत्रमा पनि उत्पादन डिजिटल पद्धतिबाट सञ्चालन गर्ने काम द्रुत गतिमा विकास भइरहेको छ । माथिका विभिन्न उदाहरणबाट मानिसले उत्पादनका लागि गरेका विविध क्रियाकलापले नबिन ज्ञान उदय हुदै जान्छ भन्ने तथ्य प्रमाणित हुन्छ ।

**व्यवस्थापनसम्बन्धी ज्ञानमा श्रम**

मानिसहरूले उत्पादनकै क्रममा उत्पादक शक्तिहरूको बीचको पारस्परिक सम्बन्ध र उत्पादन सम्बन्धबीचको अन्योनक्रियाबाट नै व्यवस्थापन सम्बन्धी ज्ञानको विकास हुन्छ । जस्तो श्रमिकहरूलाई ज्याला कति दिने भन्ने कुरा पनि उक्त श्रमिकले आफ्नो निर्वाहको लागि कति खर्च गर्दछ, उसको सिप र समयले उत्पादनमा कति सहयोग पुर्‍याउँछ, त्यसको आधारमा उसको जीवन निर्वाहको लागि मात्र पुग्ने ज्याला दिइन्छ । उत्पादनको व्यवस्थापनमा पनि सिप भएका श्रमिकहरू नै व्यवस्थापन सम्बन्धी ज्ञानको स्रोत हुन् । धर्मले मानिसलाई लालची र भ्रष्ट बनाउँछ । आफ्नो मातहतमा काम गर्ने श्रमिकहरूको काम गर्ने क्षमता, चेतना र उसको व्यवहार तथा आर्थिक अवस्थाको बारेमा राम्रो ज्ञान हुन्छ । सुपरभाइजरहरू पनि आफ्नो व्यवहार, ज्ञानको स्रोत र चेतनाको स्तर अनुसार आफ्ना मातहतका कामदारहरूलाई कसरी काम लगाउने र उनीहरूसँग बढी काम लिई माथिल्लो अधिकारी वा कम्पनी वा संस्थाको लगानीकर्ता तथा व्यवस्थापन पक्षलाई रिझाई आफ्नो स्वार्थ सिद्ध गर्ने उद्देश्यले काम गरिरहेका हुन्छन् । त्यसको अर्को पाटोमा राम्रो काम गरेर कामदारहरूको हकहितलाई सुरक्षित गर्दै, उनीहरूको जीवनस्तर उकास्नको लागि के के गर्न सकिन्छ भन्ने कुरा पनि आफ्ना मजदुर नेता तथा असल अधिकारीहरूलाई जानकारी गराउँदै उनीहरूको जीवनस्तर उकास्न प्रयत्नशील रहन्छन् । यी नै ज्ञानको स्रोतको उपयोग गर्दै, माथिल्ला अधिकारी तथा नेताहरूले सिद्धान्त निर्माण गर्दछन् । यसकारण ज्ञानको स्रोत भनेको प्रत्यक्षरूपमा उत्पादनमा संलग्न व्यक्तिहरू श्रम नै हो ।

निस्कर्षमा चाहे त्यो यन्त्र तथा उपकरणको निमार्ण होस् , व्यवस्थापन पक्षको होस् वा राजनीतिक अधिकार तथा आर्थिक उन्नतीको कुरा होस् त्यसको ज्ञानको स्रोत भनेको उत्पानमा सक्रिय सहाभागी भएका मानिसहरूको अनुभव, सिप र सिर्जनात्मकता र विषय वस्तुलाई जस्ताको त्यस्तै रूपमा हेर्ने र बुझ्ने दृष्टिकोणको उपज हो, आजसम्मका मानिसहरूको बौद्धिक र भौतिक उन्नति ।

# कम्युनिष्ट अन्तर्राष्ट्रियको स्थापनाको आवश्यकताको सन्दर्भमा

## *"संसारका मजदुरहरू एक होऔँ"*

***- - कार्ल मार्क्स - फ्रेड्रिक एंगेल्स, कम्युनिष्ट घोषणापत्र***



● हस्तबहादुर केसी ●

क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन ९च्भखयगितष्यलबचथ क्ष्लतभचलबतष्यलर्बा ःयखभ्रूभलत० को विघटनपछि आज कम्युनिष्टहरूको कुनै पनि अन्तर्राष्ट्रिय संगठन छैन । आजको युग साम्राज्यवाद र सर्वहारावर्गबीचको भीषण वर्गसंघर्षको युग हो । विश्वसर्वहारावर्गका महान् नेता भ्लादिमिर लेनिनकै विश्लेषण र शब्दमा 'साम्राज्यवादी युग सर्वहारावर्गले पूरा गर्ने क्रान्तिको पूर्व बेला हो ।' सर्वहारावर्गले सशस्त्र क्रान्ति गरेर मात्र साम्राज्यवाद र प्रतिक्रियावादलाई खत्तम गर्न सक्छ ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले १७० वर्ष पार गरिसकेको छ । यहाँनेर विश्व कम्युनिष्ट आन्दोलन र यसका ऐतिहासिक शिक्षाहरूको उल्लेख जरुरी छ ।

प्रथम अन्तर्राष्ट्रियको गठन

कार्लमार्क्सको पहलकदमीमा सन् १८६४ मा जेनेभामा सम्पन्न प्रथम महाधिवेशनद्वारा प्रथम अन्तर्राष्ट्रियको गठन भयो । अध्यक्षमा प्रुँधो चुनिए । सन् १८६७ सेप्टेम्बरमा प्रथम अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशन सम्पन्न भयो । १८६८ को सेप्टेम्बरमा ब्रसेल्समा प्रथम अन्तर्राष्ट्रियको तेस्रो र १८६९ सेप्टेम्बरमा ब्रसेल्समा प्रथम अन्तर्राष्ट्रियको चौथो महाधिवेशन सम्पन्न भयो । पेरिस कम्युनको हारपछि व्यापक दमन भयो । मजदुरहरू विभिन्न टुक्रामा विभक्त भए । १८७२ मा प्रथम अन्तर्राष्ट्रियको पाँचौँ महाधिवेशन हेगमा आयोजना गरियो । त्यस महाधिवेशनमाा मार्क्सवादी र बाकुनिनवादीहरूका बीचमा भीषण वैचारिक संघर्ष चल्यो, जसमा बाकुनिनवादीहरूलाई संगठनबाट हटाइयो । उनीहरूले समानान्तर संगठन खोलेर प्रथम अन्तर्राष्ट्रियमा फुट पैदा भएको प्रचार गरे । सन् १८७६ को जुनमा प्रथम अन्तर ाष्ट्रियको छैटौँ महाधिवेशन अमेरिकाको फिलाडेल्फियाम बस्यो । त्यो अन्तिम महाधिवेशन भयो र यसैले प्रथम अन्तर्राष्ट्रियको विघटन गर्‍यो ।

दोस्रो अन्तर्राष्ट्रियको स्थापना

प्रतिक्रियावादी फ्रान्सको बुर्जुवा सरकारले पेरिस कम्युनलाई क्रूरतापूर्वक दमन गर्‍यो । विश्व मजदुर आन्दोलन अवरुद्ध पार्न सकेनन् । पेरिस कम्युनपछि पुँजीवाद विस्तारै साम्राज्यवादतर्फ अघि बढ्यो । साथै श्रमिकवर्गको क्रान्तिकारी मुक्ति आन्दोलन पनि विशेष अनुभवका साथ तीक्ष्णा हुँदै अगाडि बढ्यो । सम्पूर्ण पुँजीवादी देशहरूमा लाखौँ मजदुरहरू मार्क्सवादको झन्डामुनि एकजुन हुन थाले । यसै सिलसिलामा विभिन्न देशहरूमा मजदुरहरूका राजनीतिक पार्टीहरू खोलिन थाले ।

- जर्मनीमा पेरिस कम्युन पहिले सन् १८६९ मा सामाजिक जनवादी पार्टीको निर्माण भइसकेको थियो । रुसमा १८८३ मा श्रमिक मुक्ति दल, अमेरिकामा सामाजिक मजदुर पार्टी (सन् १८७६), फ्रान्समा फ्रान्सेली मजदुर पार्टी (१८७९), स्पेनमा (१८८९), अस्ट्रियमा (१८८९), स्विजरल्यान्डमा (१८८९), स्विडेनमा (१८८९) आदि मजदर वर्गीय पार्टीहरू खोलिएका थिए ।

मार्चा १४ १८८३ मा कार्ल मार्क्सको देहावसान भयो ।

पेरिस कम्युनको विघटनपछिको छोटै अवधिमा मजदुर आन्दोलनले पुँजीवादी देहहरूमा संगठित आन्दोलनहरू विकसित हुँदै गए । त्यही पृष्ठभूमिमा विश्वमा अन्तर्राष्ट्रियको आवश्यकता पर्दै गयो । यही आवश्यकतालाई महसुस गरी फ्रेडरिक एंगेल्सको पहलमा १४ जुलाई १८८९ पेरिसमा २० देशका ३९१ प्रतिनिधि भेला भई दोस्रो अन्तर्राष्ट्रियको निर्माण भयो । यसले ८ घण्टे श्रमको माग उठाउने र १ मईलाई विश्वभर अन्तर्राष्ट्रिय श्रम दिवसको रूपमा मनाउने निर्णय गर्‍यो । यो भेलामा काउत्स्की, लिबनेख्त, बेबल, बर्न्सीटिन, क्लारा जेटकिन प्लेखानोभजस्ता कम्युनिष्ट नेताहरू उपस्थित थिए ।

दोस्रो अन्तर्राष्ट्रियको निर्माणपछि कम्युनिस्ट पार्टीहरू अगाडि आए र पार्टीकै मातहतमा मजदुर आन्दोलनहरू सञ्चालन भए । यस अन्तर्राष्ट्रियमा प्रुँधो, लासाल, बाकुनिन र ब्लाङ्कीजस्ता अवसरवादी र सुधारवादीहरू रहेनन् । यसकारण ख्यातिप्राप्त नेताहरूको बाहुल्यता रह्यो । यो विगतको गलत प्रवृत्तिको विजय थियो ।

मार्क्स र एंगेल्सले दुईवटा अन्तर्राष्ट्रियको बीचमा सर्वहरावादी दर्शन र राजनीतिको विकासमा महत्वपूर्ण ध्यान पुर्‍याउनु भयो । मार्क्सले गोथा कार्यक्रमको आलोचना-१८७५ लेख्नुभयो । यो यस अवधिको महत्वपूर्ण काम थियो । त्यति नै बेला मार्क्सवादी र लासालपन्थीहरूको बीचमा गम्भीर वैचारिक संघर्ष चलेको थियो । गोथामा-१८७५ कार्यक्रमको अन्तर्वस्तुमा वर्गसमन्वयको गन्ध प्रस्टै आउँथ्यो । 'स्वतन्त्र सत्ता' का अलवा यसमा सबै सामाजिक राजनीतिक असमानताको अन्त्य, उचित वितरण, समान अधिकार जस्ता विषय समावेश थिए ।

यस अवधिमा खासगरी १८७० पछि पुँजीवादले उपनिवेशवादमा विकास गर्‍यो । साम्राज्यवादी देशहरूमा उपनिवेशबाट प्राप्त शोषणको सानो अंश श्रमिकहरूलाई दिएर मजदुर आन्दोलनभित्र कुलीन अर्थतन्त्रको विकास भयो । त्यतिबेला संसदीय व्यवस्थाभित्र मजदुर आन्दोलनका प्रतिनिधिहरूले सकारात्मक भूमिका खेल्न सक्ने परिस्थिति थियो । यसले गर्दा निम्न पुँजीपतिवर्गका बुद्धिजीवीहरू राजनीतिमा प्रेरित हुन्थे । यस्तो वस्तुगत परिस्थितिमा श्रमिक आन्दोलनभित्र ट्रेड युनियन वा अर्थवाद विकास भयो । यसले सामाजिक प्रजातान्त्रिक पार्टीहरूभित्र दक्षिणपन्थी अवसरवादले मौलाउने मौका पायो ।

सन् १८९१ अगस्टमा ब्रसेल्समा दोस्रो अन्तर्राष्ट्रियको दोस्रो अधिवेशन सम्पन्न भयो । यसले ८ घण्टे श्रमको माग पुनः उठाउने निर्णय गर्‍यो ।

साम्राज्यवादको विकासले शोषणको निम्ति संसारको पुनर्विभाजन गर्न अन्तर साम्राज्यवादी अन्तर्विरोध चर्काइहेको बेला विश्वयुद्ध अवश्यम्भावी थियो । यसकारण दोस्रो अन्तर ाष्ट्रियको दोस्रो अधिवेशन विश्वयुद्धको योजनाबद्ध ढंगले



विरोध गर्ने निर्णय पनि गर्‍यो ।

सन् १८९३ मा जुरिचमा दोस्रो अन्तर्राष्ट्रियको तेस्रो अधिवेशन भयो ।

सन् १८९५ अगस्ट ६ मा एंगेल्सको मृत्यु भयो ।

सन् १८९६ अगस्टमा लण्डनमा चौथौ अधिवेशन बस्यो । यसमा २० देशका ७७६ प्रतिनिधि सहित पोल्याण्डकी रोजाको समेत सहभागिता थियो र उद्घाटन कार्यक्रममा १ लाख मजदुर उपस्थित थिए । दोस्रो अन्तर्राष्ट्रियको यो अधिवेशनले 'उत्पादन र स्वामित्वको पुँजीवादी प्रणालीलाई समाजवादमा रूपान्तरण' भन्ने मूर्त उद्देश्य तय गर्दै यसका लागि सदस्य पार्टीहरूले संघर्ष अघि बढाउने निर्णय गर्‍यो ।

सन् १९०० सेप्टेम्बरमा पेरिसमा दोस्रो अन्तर्राष्ट्रियको ५औँ महाअधिवेशन आयोजना भयो । यसमा दक्षिणपन्थी प्रभाव बढेको देखापर्‍यो । अलेक्जान्द मिलेराँ (१८५९-१९४३) को फ्रेञ्च प्रक्रियावादी सरकारमा प्रवेशको विषय मुख्य मुद्दा बन्यो । यसमा ३ धारा देखिए । वाम धारका फ्रान्सका गेडेसे र जर्मनीकी रोजाले यो सैद्धान्तिक हिसाबले गलत भएको भनी विरोध गरे । दक्षिण धारमा फ्रान्सका नौरसले सो सही र समाजवादको विजय भने । मध्य धारमा जर्मनीको मुख्यतः कार्ल काउत्स्कीले यो कार्यनीतिक प्रश्न हुनाले सम्बन्धित पार्टीले नै यसको निर्णय लिनुपर्छ भने । मध्य धाराको सहयोगबाट दक्षिणपन्थी धारा बहुमतमा देखिए ।

सन् १९०७ अगस्टमा आम्स्ड्र्याममा दोस्रो अन्तर ाष्ट्रियको छैठौँ अधिवेशन सम्पन्न भयो । यसमा बर्नस्टिर्नको संशोधनवादमाथि चर्को बहस र मतदान भयो । क्रान्तिको पक्षमा २८८ र संसोधनवादको पक्षमा जम्मा ११ मत पर्‍यो तर मार्क्सवादको जीत अल्पजीवी बन्यो ।

सन् १९०७ अगस्टमा स्टुटगार्डमा २५ देशका ८८६ प्रतिनिधिको सहभागिता सातौँ अधिवेशन सम्पन्न भयो । यसमा लेनिनको पनि सहभागिता रहेको थियो । यो अधिवेशनमा दोस्रो अधिवेशनको निर्णयलाई गम्भीरतापूर्वक लियो । लेनिनले, 'पहिला विश्व युद्ध रोक्न प्रयत्न गरौँ र सुरु भइहाले त्यसलाई सर्वहारा क्रान्तिमा बदल्ने नीति अघि सार्नुभयो ।' तर आफूलाई दिग्गज ठान्ने नेताहरूले फुच्चे लेनिनको तर्कलाई हल्का ढङ्गले लिए ।

सन् १९१० अगस्ट-सेप्टेम्बरमा कोपनहेगनमा दो. अको ८औँ महाधिवेशन भयो । यसमा अवसरवादी र बोल्सेभिकहरूको बीचमा भीषण बहस र विवाद भयो । बहुमतले पुनः युद्ध विरोधी प्रस्ताव पारित गर्‍यो । यसमा समाजवादीहरूले संसद्मा युद्धकर्जा विरुद्ध मत दिने निर्णय समेत गर्‍यो ।

सन् १९१२ को वाल्कज युद्धको समयमा दो.अको ९औँ साधारण महाधिवेशन नोभेम्बर १९१२ मा बेसलेमा बस्यो । एक मतले विश्वयुद्धको नीतिको विरोधमा र यदि युद्ध सुरु भएमा सबै मुलुकका मजदुर र ट्रेड युनियनहरूले युद्धको विरोध गर्ने निर्णय भयो तर यो निर्णय विश्वयुद्ध सुरु भएपछि देखावटी मात्र भयो ।

सन् १९१४ मा विश्वयुद्ध सुरु भयो । बेसले अधिवेशनको नीतिमा अडिक रहनुको सट्टा जर्मनीको सामाजिक प्रजातन्त्रवादी पार्टीले सरकारको युद्ध बजेटलाई अनुमोदन गर्‍यो । यो सर्वहारावर्गको स्वार्थमाथि गम्भीर विश्वासघात थियो । दोस्रो अन्तर्राष्ट्रियका शक्तिशाली पार्टीहरूभित्र दक्षिणपन्थी र मध्यपन्थीको बोलवाला बढ्दै गयो । विश्वयुद्धसँगै अन्तर्राष्ट्रियका नेताहरू सर्वहारा वर्गहरूप्रति विश्वासघात गरेर पुँजीपति वर्गको नोकरमा बदलिए । यसरी १९१५ दोस्रो अन्तराष्ट्रिय पतन भयो तर रुसको बोल्सेविक पार्टी मात्र विश्वसर्वहारा अन्तर ाष्ट्रियवादप्रति दृढ देखियो । लेनिनको व्यक्तित्व स्थापित भइनसकेकोले उहाँको ठीक अडानको बाबजुद मजदुर आन्दोलनमा प्रभाव पार्न सक्नु भएन । यसैको सेरोफेरोमा लेनिनले साम्राज्यवादको कार्यप्रणालीको विश्लेषण गर्नुभयो र यो निष्कर्ष निकाल्नु भयो कि 'साम्राज्यवाद पुँजीवादको मरणासन्न चरण हो ।'

विश्वयुद्धले आन्दोलनलाई दुई खेमामा विभाजन गर्‍यो । एउटा पितृभूमि रक्षाको लागि बुर्जुवा वर्गलाई साथ दिने र अर्को समाजवादी क्रान्तिका लागी बुर्जुवाहरूसँग लड्ने । लेनिनले आफ्नो क्रान्तिकारी नीतिअनुसार युद्ध विरोधी कार्यनीतिको घोषणा गर्नुभयो ।

लेनिनको कार्यदिशाको आधारमा रुसमा जनताले विद्रोह सुरु गरे । १९१७ मार्चमा रुसमा बुर्जुवा क्रान्ति सफल भयो । मेन्सेविकहरू सरकारमा गए । जतातत्तै द्वैध सत्ता कायम भयो । जनताहरू समाजवादमा जान तयार थिए ।

१९१७ अप्रिलमा लेनिनले अप्रिल थेसिस लेखेर जनतालाई बुर्जुवा गणतन्त्रको ठाउँमा समाजवादी गणतन्त्रमा जानको निम्ति विद्रोहको आह्वान गर्नुभयो । तर पार्टीमा उहाँ अल्पमतमा पनुभयो र राजिनामा दिनुपर्ने अवस्था आयो । पछि त्यो थेसिस पारित भयो ।

जब बोल्सेविकहरूले संघर्षलाई चर्काए, नयाँ सरकारले सशस्त्र दमन सुरु गर्‍यो । पेट्रोग्राडमा भएको भूमिगत अधिवेशनले हतियार उठाएर विद्रोहमा जाने निर्णय गर्‍यो । त्यतिबेला लेनिन 'राज्य र क्रान्ति' भन्ने पुस्तक लेख्नुभयो, जसले मार्क्सवादलाई थप समृद्ध बनायो ।

जब लेनिनले विद्रोहको योजनालाई ठोस रूपमा राख्नुभयो । केही नेताहरूले असामयिक भनेर जोडदार विरोध गरे । यतिसम्म भयो कि विद्रोहको योजना नै दुश्मनकोमा पुग्यो । तर परिस्थितिलाई ठीक ढंगले परिचालन गरेर समाजवादीहरूले नोभेम्बर ७, १९१७ मा सत्ता कब्जा गरे । यसपछि (७औँ महाधिवेशन) ६ मार्च १९१८, मा पार्टीको नाम रसियन कम्युनिस्ट पार्टी (बोल्सेविक) राखियो ।

तेस्रो अन्तर्राष्ट्रियको स्थापना

रुसको अक्टोबर क्रान्तिपछि १९१८ मा जर्मनी र फिनल्याण्डमा पुँजीवादी क्रान्ति सम्पन्न भयो । यसको प्रभावले अल्बानिया, हंगेरी, चेकोस्लाभाकिया, पोल्याण्ड, युगोस्लाभिया (१९२९) मा क्रान्ति भयो । सन् १९१८ सम्म आउँदा अष्ट्रिया, हंगेरी, पोल्याण्ड, जर्मनी, लाटविया, लिथुनिया, इस्टोनिया, अर्जेन्टिना आदि देशहरूमा कम्युनिष्ट पार्टीहरू स्थापना भइसकेका थिए ।

दोस्रो विश्वयुद्धमा साम्राज्यवादी युद्धको विरुद्धमा र समाजवादप्रति वफादार अन्तराष्ट्रियवादीहरूको जगमा तेस्रो अन्तर्राष्ट्रियको स्थापनाको वस्तुगत आधार र आवश्यकता बन्यो । लेनिनको पहलमा ३० जनवरी १९१८ मा तयारी बैठक पेट्रोगार्डमा बस्यो । तयारीको अन्तिम बैठक ३ जनवरी १९१९ मा मस्कोमा बस्यो । यो बैठकले ३९ भाइचारा पार्टी, संगठन र समूहलाई पत्राचार गर्‍यो ।

सन् १९१९ मार्च ४ मा क्रेमलिनमा अन्तर्राष्ट्रिय कम्युनिष्ट सम्मेलन सुरु भई ९ मार्चसम्म चल्यो । यसमा २१ देशका ३५ संगठन उपस्थित थिए । यो सम्मेलन अन्धराष्ट्रवादीको धोखेवाज नीतिको निन्दा, मध्यपन्थी नेताहरूको भण्डाफोर र तिनीहरूसँग सम्बन्धबिच्छेद गर्‍यो । १९१९ मे मा यसले 'कम्युनिस्ट अन्तराष्ट्रिय' नामक पत्रिका प्रकाशन गर्‍यो । १९१९ जुलाइमा महिला मजदुर अन्तराष्ट्रिय, नोभेम्बरमा युवा कम्युनिस्ट अन्तर्राष्ट्रिय र १९२० मा ट्रेड युनियनको अन्तर्राष्ट्रिय परिषद् गठन गर्‍यो ।

सन् १९२० जुलाइ १९ मा पेट्रोगार्डमा तेस्रो अन्तर ाष्ट्रिय दोस्रो महाधिवेशन आयोजन भयो र ७ अगस्टसम्म चल्यो । यसलाई कम्युनिस्ट अन्तर्राष्ट्रिय (कोमिर्न्टन) भनियो । यो अधिवेशनले आफ्नो विधान बनायो । विधानमा जनवादी केन्द्रियताको अवधारणा र कम्युनिस्ट आन्दोलनमा प्रवेश पाउनको लागि आवश्यक २१ सर्तहरू तोक्यो । कम्युनिस्टहरूले पुँजीवादी संसदमा भाग लिने कि नलिने भन्ने प्रश्नमा बहस हुँदा कार्यनीतिक ढंगले भाग लिने पक्षमा निर्णय गर्‍यो ।

सन् १९२४ जनवरी २३ मा लेनिनको मृत्यु भयो । त्यसपछि लेनिनको उत्तराधिकारी जे.बी. स्टालिनले कार्यभार सम्हाल्नुभयो ।

१९३९ को सेप्टेम्बर १ मा हिटलरले पोल्याण्डमा आक्रमण गरेर दोस्रो विश्वयुद्धको सुरु गर्‍यो । कमिन्टर्नको ७औँ महाधिवेशनको निर्णय अनुसार फासीवादलाई पराजित गर्दै जाने क्रममा एउटा मात्र केन्द्रबाट फासीवाद विरोधी काममा गति आउन नसक्ने निर्णय गर्‍यो ।

अमेरिका, बेलायत र रुसको बीचमा फासीवाद विरोधी मार्चा बन्यो । यसको निर्णय ७ औँ कमिन्टर्नको निर्देशिका भने अहिलेसम्म विश्व कम्युनिस्ट आन्दोलनमा विवादका विषय बनेका छन् । कतिपय पार्टीको यो मत छ कि फासीवाद मोर्चा निर्माणको प्रक्रियाले ती देशको कम्युनिस्टहरूलाई आफ्नो देशका शासकविरुद्ध क्रान्तिलाई अगाडि बढाउन अवरोध पुग्यो । सन् १९४३ जुलाई १० का दिन कोमिटनटर्न (तेस्रो अन्तर्राष्ट्रिय) को विघटन गरियो ।

विश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा कम्युनिष्ट अन्तराष्ट्रिय इतिहास पनि समृद्धशाली छ । ती अन्तराष्ट्रियहरूको बारेमा यहाँ चर्चा गर्न आवश्यक छ ।

सन् १९४७ मा स्टालिनले कोभी फर्मको स्थापना गर्नु भयो । तर चिनले यसलाई स्वीकार गरेन । त्यो अगाडि बढ्न सकेन ।

सन् १९५३ मा स्टालिनको मृत्यु भयो । सन् १९५६ मा सोभियत संघको कम्युनिष्ट पार्टीको बीसौं महाधिवेशन भयो । ख्रुश्चोभद्वारा आधुनिक संशोधनवादको जन्म भयो । क.माओले तुरुन्तै ख्रुश्चोभको त्यस कदमको विरोध गर्नु भयो र विश्व कम्युनिष्ट आन्दोलन भित्र महान् बहस चलाउनु भयो ।

सन् १९५६ मा चिनीया कम्युनिष्ट पार्टीले असौं महाधिवेशनको आयोजना गर्‍यो । त्यसमा ल्यू साओ चिद्वारा प्रतिक्रान्तिको विजारोपन गरियो ।

सन् १९६६ देखि सन् १९७६ सम्म माओत्सेतुङको नेतृत्वमा महान् सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गरियो । सन् १९६९ मा नवौं र सन् १९७३ मा चिनीया कम्युनिष्ट पार्टीलाई आफ्ना महाधिवेशनहरू सम्पन्न गरेको थियो । ती दुवै महाधिवेशनले माओको नेतृत्वमा संचालित महान् सर्वहारा क्रान्तिलाई अनुमोदन गरेको थियो ।

सन् १९७६ सेप्टेम्बर ९ का दिन माओत्सेतुङको निधन भयो । त्यस ठीक एक महिनापछि चीनमा *...बाँकी ७ पेजमा*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# संगठन सुदृढीकरणको योजनामा जुट्यो अनेमसंघ (क्रान्तिकारी)



चितवन । चितवनमा सम्पन्न अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को केन्द्रीय सचिवालयको विस्तारित बैठकले संगठन सदृढकिरणमा जुट्ने निर्णय गरेको छ । क्रान्तिकारी माओवादीको तीन महिने संगठन तथा जनपरिचालन अभियानसँगै माघ १६ र १७ मा सम्पन्न बैठकले तीन महिने संगठन सुदृढीकरणको योजना पारित गरेको छ । पार्टीका स्थायी समिति सदस्य राजवीरको विशेष उपस्थितिमा बसेको बैठकले चैत्र मसान्तसम्ममा देशव्यापी संगठन निर्माण एवं सुदृढिकरण अभियान सञ्चालन गर्ने, व्यापक रुपमा सदस्यता वितरण र इकाई समिति निर्माणमा तीव्रता दिने, आठ मार्च भव्य रुपमा मनाउने, संगठनको मुखपत्र प्रकाशन गर्ने लगायतमा महत्वपूर्ण निर्णय गरेको छ ।

# सुपरलिक्त टेक्निकल कलेजका बिरुद्ध विद्यार्थी संगठनको आन्दोलन जारी

● **धनन्जय अवस्थी**

कञ्चनपुर । कञ्चनपुरका विभिन्न पाँच विद्यार्थी संगठनले सिटीईभिटीईबाट सम्बन्धन ल्याएर विद्यार्थी ठगिरहेको भन्दै सुपरलिङ्क टेक्निकल कलेज बिरुद्धमा विद्यार्थी संगठनहरुले आन्दोलन जारी राखेका छन् । शैक्षिक विकृतीका विरुद्ध जस्तोसुकै आन्दोलन गर्न तयार रहेको नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)का केन्द्रीय सदस्य केशव साउदले जानकारी दिनुभयो ।

शुक्रबार पाँच विद्यार्थी संगठन, विद्यार्थी, सुपरलिङ्क टेक्निकल कलेज सञ्चालक र कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर प्रहरी प्रमुख दिल्ली राज बिष्ट लगायतको जिल्ला प्रशासनकार्यलयमा भएको छलफल विना सहमति टुङगिएपछि विध्यार्थी नेताहरुले आन्दोलन जारी राख्ने बताएका छन् ।

कञ्चनपुरमा रहेका पाँच विद्यार्थी संगठनहरुले सुपरलिङ्क टेक्निकल कलेजका सञ्चालकलाई कारवाही गर्न प्रमुख जिल्ला अधिकारी कुमार खड्का र कञ्चनपुर प्रहरी प्रमुखले आलटाल गर्न खोजेको आरोप लगाएका छन् । अखिल क्रान्तिकारी, नेविसंघ, अनेरास्ववियु, विप्लव क्रान्तिकारी र अखिल छैटौंले कारवाही गर्न आलटाल गर्न खाजेकोले सुपरलिङ्क सहितका विभिन्न शैक्षिक संस्थाहरुमा भईरहेको विकृती बिरुद्धमा अर्को आनदोलनको तयारी गर्ने समेत चेतावनी दिएका छन् । जिम्मेबार निकायबाटै गलत काम गर्नेलाई मलजल गरिएकोले त्यसका बिरुद्धमा विद्यार्थी संगठनल जस्तोसुकै आन्दोलनकारी कदम चाल्न पछि नपर्ने उनीहरुले ती निकायलाई समेत चेतावनी दिएका छन् ।

# क्रान्तिकारी माओवादी नवलपरासीले संगठन र संघर्षलाई सँगसँगै लैजाने

नवलपरासी । नेकपा (क्रान्तिकारी माओवादी) नवलपरासीले सामाजिक बिकृति बिसंगति बिरुद्ध संर्घष गर्ने निर्णय गरेको छ । सो पार्टीनिकट देशभक्त जनगणतान्त्रिक मोर्चाको बर्दघाटमा भएको भेलामा क्रान्तिकारी माओवादीका नेताहरुले यस्तो कुरा बताएका हुन् । मंगलबार बर्दघाटमा भएको क्रान्तिकारी माओवादी सम्बद्ध देजमो नवलपरासी तथा बर्दघाट नगर समितिको भेलामा बोल्ने क्रान्तिकारी माओवादीका नेताहरुले भ्रष्टाचारी, कमिशनखोरी तथा घुसखोरीहरुका विरुद्ध संर्घष गर्ने सो पार्टीका जिल्ला सेक्रेटरी संकल्पले बताउनु भयो ।

तीन महिने संगठन बिस्तार अभियान थालेको क्रान्तिकारी माओवादीले संर्घष र संगठन बिस्तार संगसंगै गर्ने बताएको छ । देजमोका जिल्ला अध्यक्ष चुडामणि भण्डारीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा अखिल नेपाल किसान संघ (क्रान्तिकारी)का जिल्ला अध्यक्ष छबिलाल खरेल, देजमोका नेताहरु राजु प्रसाद खनाल, भागिरथ चापागाईलगायतले मनतव्य राख्नुभएको थियो ।

# क्रान्तिकारी युवा लिग बाँकेको संयोजकमा विरेन्द्र शाही

● **दिनेश कुमार श्रीवास्तव**

नेपालगञ्ज । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग बाँकेको संयोजकमा विरेन्द्र शाही'अमिट' निर्वाचित भएका छन् । क्रान्तिकारी युवा लिंग बाँकेको बुधबार नेपालगञ्जमा सम्पन्न भेलाले विरेन्द्र शाही'अमिट'को संयोजकत्वमा कमिटि गठन गरेको हो । भेलाले चार सदस्य पछि थप्नेगरी १५ सदस्यीय क्रान्तिकारी युवाको जिल्ला समिति गठन गरेको छ ।

उक्त भेलालाई क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य शिशिर, पार्टीको बाँके बर्दिया ईन्चार्ज भुपेन्द्र न्यौपाने, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसीले मन्तव्य राखेका थिए । नवगठित लिगको प्रथम जिल्ला बैठकले पार्टीले संञ्चालन गरेको तीन महिने संगठन निर्माण तथा जनपरिचालन अभियानलाई सघाउने, फागुन १ गते मार्च पास गर्ने, सदस्यता वितरण गर्ने लगायतको निर्णय गरेको छ ।

# माडी बहुमुखी क्याम्पसमा अखिल (क्रान्तिकारी)को मूल इकाई कमिटि गठन

चितवन । नेकपा (क्रान्तिकार माओवादी) निकट अखिल (क्रान्तिकारी)ले माडी बहुमुखी क्याम्पसमा राम सापकोटाको अध्यक्षतामा मूल इकाई कमिटि गठन गरेको छ । आइतवार सम्पन्न क्याम्पस कमिटिको भेलाले उपाध्यक्षमा किरण राई,सचिवमा देवेन्द्र पोखेल,सह-सचिवमा नविना सुनार,कोषाध्यक्षमा ज्ञानदिप अधिकारी सहित १३ सदस्यीय मुल इकाई कमिटि गठन गरेको हो । क्रान्तिकारी माओवादीका केस तथा पार्टी जिल्ला इन्चार्ज अम्बिका मुडभरी, अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य अमृत चपागाई लगायतका विद्यार्थी नेताहरुको उपस्थितिमा उक्त इकाई कमिटि गठन गरिएको हो

यसैविच, नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) र पार्टी निकटका संगठनहरुले पर्साको छप्कैयामा भारतले जमिन मिचेको विरोधमा कोणसभा गरेका छन् । माडीको वसन्तपुर बजार,खरकट्टा,बगाई,देबन्द्रपुर,लगायतका ठाउँमा कोण सभा गरिएको छ । पार्टी केस तथा जिल्ला इन्चार्ज अम्बिका मुडभरी, पार्टी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केस तथा चितवन जिल्ला अध्यक्ष अशोक शर्मा, माडी सेक्रेटरी देविलाल पौडेल र अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य अमृत चपागाईले ती कोणसभालाई सम्बोधन गर्दै भारतीय पक्षबाट भएको सीमा अतिक्रमण लगायत विस्तारवादी हस्तक्षेपको कडा विरोध गरेका थिए ।

# क्रान्तिकारी ट्रेड यूनियन महासंघ १ नं. प्रदेश संयोजकमा बालकृष्ण बुढाथोकी

## यस्तो छ किरात र लिम्बुवान मोर्चाको संयुक्त वक्तव्य

*'हाम्रो संगठन अखिल नेपाल किरात राष्ट्रिय मुक्ति मोर्चा र अखिल नेपाल लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाको समसमायिक जातिय मुक्तिको सवालमा भर्खरै मात्र केन्द्रीय समितिको प्रशिक्षण तथा बैठक सम्पन्न भएको जानकारी गराउदछौं । बैठकले निम्न प्रस्तावहरुमाथि ऐतिहासिक निर्णयहरु गर्दै कार्यक्रम सम्पन्न भएको छ ।*

*१. दुबै मुक्तिमोर्चाको राष्ट्रिय भेला आगामी २०७४ चैत्र अन्तिम सातामा गर्ने निर्णय भयो । राष्ट्रिय भेलाको नारा संघियताको आधार "आत्मनिर्णयको अधिकार स्वयतता र पहिचान उत्पीडित जाति र वर्गको अधिकारका लागि संयुक्त आन्दोलन" भन्ने मुल नाराका साथ मोर्चाहरुको राष्ट्रिय भेला सम्पन्न गर्ने ।*

*२. यस प्रदेशको नामाङकन गर्दा यहाका आदिवासी जनजाति किरात लिम्बू कोचहरुको पहिचानको आधारमा नामाङ्कन गरिनुपर्नेमा दुबै मोर्चा सहमत भएको छ । हाललाई प्रदेशको नाम किरात लिम्बुवान कोचिला संक्षिप्तमा (किलिको) प्रदेश हुनुपर्ने । र किरातीहरु किरात स्वायत राज्य लिम्बूहरु लिम्बूवान स्वायत राज्य कोचहरु कोच स्वायत राज्यका लागि निरन्तर संघर्ष गर्ने ।*

*३. प्रदेश सरकारको सरकारी कामकाजको भाषाको प्रयोगमा यस प्रदेशमा बोलीने सबै मातृभाषा लिम्बू, कोच, किरातहरुको सबै भाषालाई यस प्रदेशका सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्न सरकारलाई दवाव दिने ।*

*४. भर्खरै सिमा स्तम्भ नियमित गर्ने नाममा विस्तारवादी भारत सरकारले पर्सा जिल्लाको बीरगंज महानगरपालिका वडा नं. १ छप्कैयामा नेपाली नागरिकको पचास विघाभन्दा बढी जमिन अतिक्रमण गरेकोमा भारत सरकारको विस्तारवादी चरित्रको घोर भर्त्सना गर्दै नेपालको जमिन अविलम्ब फिर्ताको माग गर्दछ साथै कथित सीमांकनको काम यथासिर्घ बन्द गर्न माग गर्दछ । नेपालीभूमि अतिक्रमण भईरहदा पनि टुलुटुलु हेरेर बसिरहने लाचार दलाली सरकार र आफुलाई ठूलादल भनिने दलहरुको मौनताले यी सबै भारतका दलाल हो भन्ने कुराको पुष्ट्याई गरेको छ ।*

*५. प्राकृतिक स्रोत साधनको जलस्रोतको परिचालन गर्दा वा परियोजना सम्पन्न गर्दा अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरुको प्रावधान अनुसार आदिवासी जनजातिको स्वतन्त्र पुर्वसुसुतित सहमति लिइ लाभमा समानन्यायीक वितरणका आधारमा गरीनु पर्नेमा आदिवासीहरुको सहमति गरिने कोशी उच्चबाध लगायत अन्य राष्ट्रघाती परियोजनाहरुको घोर विरोध गर्दछ ।*

*६. राष्ट्रियता, जनतन्त्र, जनजीविका र उत्पीडित जातिको अधिकारको पक्षमा र भ्रष्टचार, तस्करी, कालाबजारी, महंगीका विरुद्धमा आफ्नो आन्तरिक संगठनलाई सुदृढीकरण र जनपरिचालनका लागि तीन महिने अभियान संचालन गर्ने ।*

*क्रान्तिकारी अभिवादनसहित धन्यवाद ।'*

विराटनगर । हालै भएको एक भेलाले अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको १. नं. प्रदेश स्तरीय कमिटि गठन गरेको छ । भेलाले बालकृष्ण बढाथोकी संयोजक रहेको २१ सदस्यीय महासंघको प्रदेश कमिटि निर्माण गरेको हो । उक्त कमिटिका सदस्यहरुमा टंक भट्टराई, डिक बहादुर बुढाथोकी, जग नारायण चौधरी, संजय चौधरी, बरुण चौधरी, प्रेम उराउ, हरित लाल चौधरी, टिका न्यौपाने, तुलसी भट्टराई र महम्मद वचनिया रहेका छन् ।

# किराती र लिम्बुवान मोर्चाको प्रशिक्षण सम्पन्न

धरान । अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चा र अखिल नेपाल लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चाको संयुक्त रुपमा प्रशिक्षण सम्पन्न भएको छ । आदिवासी जनजातिको अधिकारको सम्बन्धमा क्रान्तिकारी माओवादीका पोलिटब्यूरो सदस्य तथा जनजाति महासंघका महासचिव नगेन्द्र राईले र तीन महिने अभियान सम्बन्धमा क्रान्तिकारी माओवादीका के.स. मनोज श्रेष्ठले प्रशिक्षण दिनुभएको थियो । प्रशिक्षण कार्यक्रममा सुनसरी पार्टी सचिव पेमा लामा, पार्टी के.स. तथा विगेसोका अध्यक्ष पदम लिम्बू, देजमो जिल्ला अध्यक्ष टिका राई लगायतका नेताहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको अध्यक्षता पार्टी के.स. तथा लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष के.वी. फुदोङ र सञ्चालन किरात मुक्ति मोर्चाका महासचिव गौरव राई, स्वागत मन्तव्य पारस लिम्बूले गर्नुभएको थियो ।

# देजमो कपिलवस्तुको संयोजकमा ज्ञानीराम पुरी

कपिलवस्तु । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको हालै भएको एक भेलाले देजमो कपिलवस्तुको संयोजकमा ज्ञानीराम पुरीलाई संयोजकमा चयन गरेको छ । मोर्चाका केन्द्रीय कार्यालय सदस्य तथा ५ नं. प्रदेश संयोजक केवी गुरुङको प्रमुख आतिथ्यतामा भएको भेलाले सचिवमा अमर विक रहने गरी १३ सदस्यीय जिल्ला समिति निर्माण गरेको हो । बाणगंगा नगरपालिकाको जनचेतना नि.मा.बि.कोइली बनगाईमा भएको उक्त भेलामा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा कपिलबस्तु इन्चार्ज समिर, पार्टीका जिल्ला सचिब आकाश लगायतको उपस्थिति रहेको थियो ।

# 'हत्यारामाथि कडा कारबाही गर'

बर्दिया । पार्टीका जिल्ला सदस्य देवीराम आचार्यको छोरा बालकृष्ण आचार्यको हत्यामा संलग्न हत्यारामाथि कडा कारबाही गर्न नेकपा (क्रान्तिकारी माओवादी) बर्दियाले माग गरेको छ । पार्टी जिल्ला सचिव दुर्गादेवी खत्रीले एक प्रेस वक्त जारी यस्तो माग गर्नुभएको हो । वक्तव्यमा प्रहरी प्रशासनको कमजोर सुरक्षा व्यवस्थाका कारण आपराधिक समूहले आचार्यको हत्या गरेको भन्दै हत्याराको खोजी गरी कडा कारबाही गर्न र पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रदान गरी व्यवस्थापन गर्न जोडदार माग गरिएको छ । मृतक आचार्यप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकूल परिवारजनप्रति पार्टीको तर्फबाट हार्दिक समवेदना प्रकट गरिएको छ । १५ माघमा स्थानीय छिमेकीको विवाहमा गएका आचार्यको खोजिभइरहेको अवस्थामा १७ माघमा उनको मृत अवस्थामा शव प्राप्त भएको थियो । स्थानीय प्रशासनले हत्याराहरुको अनुसन्धानमा ढिलासुस्ती गरिरहेको भन्दै क्रान्तिकारी माओवादीले विरोध गरिरहेको छ ।

# कास्कीमा आरवाइएलको जिल्ला समिति गठन

पोखरा । कास्की जिल्लाको पोखरामा भएको क्रान्तिकारी युवाहरुको भेलाले नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिगको जिल्ला समिति गठन गरेको छ । सोमबार सम्पन्न भेलाले कुलबहादुर विकको अध्यक्षताममा २५ सदस्यीय जिल्ला समिति निर्माण गरिएको हो ।

समितिका अन्य सदस्यहरुमा राजकुमार सुनार, रुपा सुनार, पूर्णबहादुर रोका, ज्योति सुनार, तपसिल तामाङ, विमल श्रेष्ठ, कमल गुरुङ, हरि कुमार पुन, विजुल रोका, फुलमाया विक, कमल विक, पूर्ण विक, चन्द्रमान विक, मनिलाल विक, अनिल विक, टेकलाल कामी, कुशुम विक, जेनिसा विक, अमृत विक, दिवस पुन, विवश विक, आशिस सुनार, शिवराज प्रतेललगायत रहेका छन् ।

भेलामा क्रान्तिकारी माओवादीका नेताहरु रामजी थापा, नारायण अधिकारी, भिम श्रीस, परशुराम कोइराला, भोजराज त्रिपाठी, कल्पना थापा लगायतको उपस्थिति रहेको थियो ।

# चितवनको विरेन्द्र बहुमुखी क्याम्पसमा अखिल (क्रान्तिकारी)को मूल इकाई कमिटी गठन

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) चितवनले जिल्लाको भरतपुरस्थित विरेन्द्र बहुमुखी क्याम्पसमा शुक्रबार मूल इकाई कमिटी गठन गरेको छ ।

क्याम्पसका विध्यार्थी नेता जयन्त वाग्ले अध्यक्ष रहने गरी गठन गरिएको २१ सदस्यीय उक्त इकाई कमिटिको उपाध्यक्षमा सुनिल रामदाम, सचिवमा आयुष थापा, सहसचिवमा सागर पन्त र कोषाध्यक्षमा विनोद वोट रहेका छन् ।

अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य अमृत चपाई, केस दिपक पोखरेल, केस तथा जिल्ला संयोजक अमित सापकोटा, सप्तगण्डकी क्याम्पसका मूल इकाई कमिटि अध्यक्ष कृष्ण सुनारलगायतका विध्यार्थी नेताहरुको उपस्थितिमा गठन गरिएको उक्त इकाई कमिटिबारे संगठनले क्याम्पस प्रमुखलाई लिखित रुपमा जानकारी गराएको छ ।

## कविता

# तारा खसेको रात



● हिरामणि दुःखी ●

त्यो रात
निष्पट्ट रात
निर्घिनी रात
अभिशप्त रात
अर्थात् तेह्र जेठको रात ।
.....
जब आकाशमा चुक घोप्टियो
धर्तिभरी बारूद बिच्छ्याइयो
फैलाएर साम्राज्य आतङ्कको
कलुषित बुटहरू
आदेश गरे एकएक गरेर
खसाऊ ताराहरू
र, फैलाऊ साम्राज्य निशाचरको
चम्कनु हुँदैन ताराहरू
स्वतन्त्र आकाशमा
जब बुटले फर्मान गऱ्यो
तत्क्षण
महेन्द्र क्लवभित्र
एउटा तारा खस्यो
नखस्नुपर्ने तारा खस्यो
अर्थात् खसालियो ।
.....
ऊ भन्थ्यो
चोरेर होइन आगो
खोसेरै ल्याउँछु र सेक्छु
लाखौँ नाङ्गा छालाहरू
अनि बन्छु नयाँ प्रमिथस
भिन्न प्रमिथस
नयाँ युगको प्रमिथस
ऊ यसै भन्थ्यो ।
.....
ऊ भन्थ्यो
जन्मनुपर्छ नयाँ स्पार्टाकसहरू
बजाउन बिद्रोहको दुन्दुभी
र, चलाउनु पर्छ आयुधहरू
एकसाथ सहर अनि गाउँहरूमा
सल्काउनुपर्छ दावानल
जलाउन यस शताब्दिका
नयाँ 'महाराज'हरूको चिता ।
......
चिताको जोहो गर्न सहर पसेको ऊ
आगो खोस्न महल पसेको ऊ
सपथ खाएथ्यो
आगो निलेर अँगार ओकल्ने
सहरमा उज्यालो खस्दा नखस्दै
घरका मटानमा तैनाथ
शिकार भयो ऊ कलुषित बुटहरूको
रविले भुइँमा पर्दापण नगर्दै
चीर निद्रामा परेको उसको शरीर
हवन भयो अग्निकुण्डमा
विलिन भयो भष्म बनेर आकाशमा
अर्थात् एउटा तारा खस्यो
र, नयाँ तारा बनेर उदाइरह्यो
झुपडिहरूको आकाशमा ।

*५ जेठ २०७१ घट्टेकुलो*
*रातोपाटी डट कम, २०७१ जेठ १४ मा प्रकाशित*

# दलालहरुलाई...

मुद्दाको रूपमा उठाइरहेका छौं । अब सीमा तथा राष्ट्रिय स्वाधीनताको रक्षा गर्न देशभक्त र क्रान्तिकारी शक्ति एकजुट भएर विस्तारवादका दलालहरूलाई ठेगान लगाउनै पर्छ ।'

अध्यक्ष गजुरेलले नेपालको सीमा १ इन्च मात्र मिचिए पनि त्यो सीमा अतिक्रमण नै हुने भन्दै भारतीय विस्तारवाद र उसका नेपाली दलालहरूका कारण विस्तारै सिक्मिक भारतमा विलय गराएजस्तै नेपाललाई पनि भारतमा विलय गराउने खेल भइरहेको दावी गरे । अध्यक्ष गजुरेलले अगाडि भने, 'सिक्किमलाई संसदले मात्र नभएर जनमतसंग्रह गराएर भारतमा विलाउने काम गरियो । अहिले पनि नेपालको हकमा सत्तामा दलालहरू खडा गराएर आफ्नो एजेण्डा पारित गराउँदै जाने नीति भारतको रहेको छ ।'

छपकैयाको घटनाले नेपालीहरूलाई उद्वेलित बनाएको भन्दै अध्यक्ष गजुरेलले भने, 'दलाल र राष्ट्रघातीहरू खबरदार ! राष्ट्रिय स्वाधीनताको निम्ति हामी जस्तोसुकै भूमिका निर्वाह गर्न तयार छौं । राष्ट्रिय स्वाधीनताको पक्षमा आन्दोलानको आँधीबेहरी सिर्जना गर्छौं र तिमीहरूलाई ठेगान लगाएरै छाड्छौं ।'

मोर्चाका २ नं. प्रदेश संयोजक कमल चौधरीको अध्यक्षतामा सम्पन्न भएको अन्तर्क्रियामा आफ्ना विचार राख्दै प्रा.डा. हरेराम ठाकुरले सीमा अतिक्रमणको समस्यालाई गम्भीर रूपमा लिनुपर्ने बताए ।

'छपकैयामा ५० विघाभन्दा बढी जमिन मिचिंदा पनि देशका प्रधानमन्त्री शेरबहादुर देउवा सीमा मिचिएकै छैन भन्छन्, नापी विभाग पनि त्यसै भन्छ । यसको वास्तविक रहस्य के हो ?' प्रा.डा.ठाकुरले प्रश्न गरे र भने, 'सीमा समस्याको निराकरण छिटोभन्दा छिटो सरल ढंगले गरिनु पर्दछ ।'

कार्यक्रममा आफ्नो बर्षौदेखि भोगचलन गर्दै आएको जग्गा गुमाएका पीडित किसान रविन्द्र महतोले पर्साको जिल्ला प्रशासन कार्यालय, महानगरपालिका, वडा कार्यालयलगायत सबै सरकारी निकायमा आफूले भोगचलन गर्दै आएको जमिन मिचिएको गुनासो गर्दा सुनुवाइ नभएको गुनासो गरे । २०२२ सालको नापीपश्चातको लालपूर्जा भएको ४५ विघा ३ कठा एघार धुर जमिन सीमास्तम्भ गाड्दा भारततर्फ पारिएको महतोले जानकारी दिए ।

नेकपा (क्रान्तिकारी माओवादी)का २ नं. प्रदेश सचिव कृष्णदेवसिंह दनुवारले संचालन गरेको अन्तर्क्रिया कार्यक्रममा नेपाल पत्रकार महासंघ पर्सा जिल्लाका अध्यक्ष श्याम बंजाराले सीमा अतिक्रमणको सवाल सबै नेपालीहरूको चासोको साझा विषय बन्नुपर्ने भन्दै नेपाली राष्ट्रिय स्वाधीनतामाथि कसैको पनि बलिमिच्याइँ सह्य नहुने बताए ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्यद्वय रामआश्रय राम र हरिकृष्ण गजुरेलको पनि उपस्थिति रहेको थियो ।

## ३ महिने...

परिस्थितिको मूल्यांकन तथा पार्टीको आत्मगत स्थितिको मूल्यांकन गर्दै नयाँ जनवादी क्रान्तिको तयारीकै एक अंगको रूपमा ३ महिने अभियान सञ्चालन गर्ने निर्णय गरेको हो। ३ महिने अभियानमा राजनीतिक, सांगठानिक, अनुशासन र संघर्षजस्ता अति महत्वपूर्ण विषयहरू अन्तर्निहित छन् । यसमा पनि सांगठानिक र अनुशासनको पक्षलाई प्राथमिकता दिने लक्ष्य राखिएको छ र अभियानको नाम पनि सोही बमोजिम संगठन सुदृढीकरण तथा जनपरिचालन अभियान राखिएको छ। यसको मूल नाराका यस प्रकार रहेको छ :

*संगठन विस्तार सुदृढीकरण तथा जनपरिचालन गरौं !*
*राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि संघर्ष लागौं !!*
*नयाँ जनवादी क्रान्तिको तयारीमा जुटौं !!!'*

यस नारालाई पूरा गर्ने गरी अभियान देशैभरि सञ्चालन गर्नु पर्दछ। नेकपा (क्रान्तिकारी माओवादी) सांगठानिक रूपमा जनयुद्ध सुरु गर्दाको तत्कालीन पार्टीभन्दा धेरै ठूलो छ। तर हाल पार्टीमा कमजोरीका रूपमा रहेका विषयहरू जस्तै- संगठन छरिएर रहेको र केन्द्रीकृत रूपमा नरहेको, अनुशासनमा गम्भीर समस्या रहेको, साथीहरू संगठित र कमिटीबद्ध रहनुभन्दा पनि छरिएर रहेको अवस्था छ। यसको झलक गत संसदीय चुनावमा देजमोलाई प्राप्त मत परिणाम र त्यसको स्वरूपले पनि स्पष्ट पारेको छ। जनताको मनोविज्ञान नजित्नेलाई भोट नदिने, चुनावमा ठुला भनिएका दलहरूबाट सत्ता र शक्तिको दुरूपयोग तथा पैसाको खोला बगाउने काम भएको र कथित वाम गठबन्धनको भ्रमले गर्दा जनताको भोट देजमोलाई खासै आएको देखिंदैन तर जनताले जसरी प्रतिक्रियावादमा पतन भइसकेका संशोधनवादीहरूलाई कम्युनिष्ट ठानेर मत दिने काम भयो, यसले एउटा स्पष्ट संकेत के दिएको छ भने नेपालमा क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको लागि वस्तुस्थिति अत्यन्त मलिलो छ, यदि क्रान्तिकारीहरूले जनताको सेवाभावका साथ जनतामा घुलमिल भएर जनताको सेवा गर्ने तथा देश र जनताका मुद्दाहरू उठाएर सही ढंगले संघर्ष सञ्चालन गर्न सक्ने अवस्था भएमा। क्रान्तिकारी कम्युनिष्टहरूका लागि यसको विकल्प पनि छैन।

हाम्रो पार्टीभित्र देखापरेका यी समस्याहरूलाई अभियानका दौरानमा हल गर्नु पर्दछ। अभियानको प्रारम्भिक चरण पार्टीको आन्तरिक अभियान हुनेछ । अभियानका दौरान निम्न कामहरू सम्पन्न गर्नु पर्दछ।

- सबै पार्टी सदस्यहरूलाई कमिटीबद्ध बनाउनु पर्दछ र नियमित रूपमा बैठकमा उपस्थित हुने, लेवी तिर्ने, जबस तथा मोर्चा संगठनमा आबद्ध भई जनतासँग घुलमिल हुने, संघर्षका कार्यक्रममा सहभागी हुने कुरा हरेक पार्टी सदस्यका लागि अनिवार्य बनाउँदै लानु पर्दछ।
- यस अभियानकै पहिलो चरणमा जिल्ला पार्टी, इलाका वा स्थानीय तहको पार्टी, वडा पार्टी र सेल पार्टीमा पार्टी सदस्यहरूलाई आबद्ध गराउनु पर्दछ।
- पुरानो, अनुभव, क्षमता र पार्टीलाई दिनसक्ने समयका आधारमा तत्तत् कमिटीहरूमा पार्टी सदस्यहरूलाई आबद्ध गराउँदै लानु पर्दछ। तत्तत् कमिटीको बैठक बस्नु पर्दछ र कमिटी सदस्यहरूको कार्यविभाजन तथा अभियानको योजना बनाउनु पर्दछ।
- पार्टीलाई फलामे अनुशासनसहित लेनिनवादी संगठनात्मक पद्धतिमा ढाल्नु पर्दछ। संगठनका लागि समय दिन नसक्ने र संगठित भएर कमिटीमा बस्न नचाहनेहरूका हकमा तिनका पार्टी सदस्यता खारेज गरी ती साथीहरूलाई पार्टी समर्थक भएर पार्टीलाई सक्दो सहयोग गर्न प्रेरित गर्नु पर्दछ। यस मामलामा पार्टी सदस्यताको संख्या कम हुन्छ कि भनेर आत्तिनुपर्ने कुनै आवश्यकता छैन।
- पार्टी कमिटीहरू सानो, चुस्त र छिटोछरिटो हुनु पर्दछ। कममा ५ जना र बढीमा १५ जनासम्मको कमिटी बढी उपयुक्त हुनेछ।
- पार्टीको राष्ट्रिय सम्मेलनका दौरानमा कतिपय पार्टी सदस्यहरूको सदस्यता नवीकरण छुटेको रहेछ भने पार्टी सदस्यले निभाउनुपर्ने भूमिका पूरा गरी क्रान्तिमा सेवा गर्न इच्छुक कमरेडहरूको पार्टी सदस्यता नवीकरण गरी कमिटीबद्ध गर्नु पर्दछ।
- त्यसै गरी भ्रमवश संशोधनवादी पार्टीमा पुगेका तर अहिले आएर त्यसको यथार्थता महसुस गरी पुनः क्रान्तिमा लाग्न नेकपा (क्रान्तिकारी माओवादी)मा फर्कन चाहनेका हकमा जिल्ला पार्टीमा छलफल गरी निर्णय गर्नु पर्दछ। यस्ता साथीहरूलाई पनि पार्टी सदस्यताको नवीकरण फाराम भराई यथोचित स्थानमा राखी जिम्मेवारी दिनु पर्दछ।

३ महिने अभियानको प्रारम्भिक चरण लगभग पूरा भएपछि संगठन विस्तार अभियानमा लाग्नु पर्दछ । संगठन विस्तार पार्टीको विस्तार होइन। पार्टीको विधानलाई पार्टी सञ्चालन र विस्तारमा लागु गरिनु पर्दछ। जवस र जातीय मोर्चाहरू मध्ये कुनैमा एक वर्प काम गरिसकेका १८ वर्ष पुरा भएकाले पार्टी सदस्यताको आवेदन फाराम भर्न सक्नेछ। तर अभियानमा संगठन विस्तारको कुरा जबस, जातीय मोर्चा लगायतका पार्टीका भातृसंगठनहरू र देशभक्त जनगणतान्त्रिक मोर्चाका बारेमा हो। त्यसैले यो अभियानको बाह्य पक्ष हो। यस बाह्य अभियान टिमबद्धताका आधारमा सञ्चालन हुन्छ। अभियानको यो मध्यम चरण हो। यो मूलतः फागुन महिनाभरि सञ्चालन हुनेछ । अभियानका दौरान संगठन विस्तारका लागि निम्न कामहरू गर्नु पर्दछ।

- पार्टीको नेतृत्व र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको व्यानरमा सबै जबस, जातीय मोर्चा र अन्य भातृसंगठनहरूको सहभागीतामा टिमबद्ध भई अभियान सञ्चालन गरिनु पर्दछ।
- अभियान सञ्चालन गर्दा पार्टी, देजमो र जबस, जातीय मोर्चा तथा अन्य भातृसंगठनहरूको झण्डाहरू, देजमोको व्यानर तथा लालसलाम (मुट्ठी चिन्ह)को झण्डा प्रयोग गरिनु पर्दछ।
- अभियान जिल्ला केन्द्रीत भएर सञ्चालन गर्नु पर्दछ।
- अभियान सञ्चालन गर्दा जिल्लामा एकवटा टिमदेखि जिल्लाको अवस्था हेरी ३ वटा टिम बनाएर अभियान सञ्चालन गर्नु पर्दछ।
- अभियान सञ्चालन गर्दा तुलनात्मक रूपमा हाम्रो संगठनको आधार भएको अथवा आधार बनाउन सकिने पृष्ठभागीय क्षेत्रबाट शुरुवात गरिनु पर्दछ । अभियान पृष्ठभाग (ग्रामीण)बाट अग्रभाग (शहर तथा सदरमुकाम) तिर बढ्नु पर्दछ।
- अभियान चलाउँदा टिम जनताको घरदैलोमा पुगेर कथित वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनको भण्डाफोर र तिनको प्रतिक्रियावादी सारतत्वबारे स्पष्ट पारिनु पर्दछ। वर्तमान संविधान कालो संविधान भएको, देश र जनताको मुक्तिका लागि नयाँ जनवादी क्रान्तिका अपरिहार्यताका वारेमा स्पष्ट पारिनु पर्दछ।
- अभियान सञ्चालन गर्दा चोकसभा, कोठेसभा, कोणसभा, अन्तरक्रिया, प्रशिक्षण आदि गरिनु पर्दछ।
- भित्ते लेखन, पोष्टरिङ र पर्चा वितरणजस्ता प्रचारात्मक काम अभियानमा गरिनु पर्दछ।
- अभियानमा प्रमुख कार्यका रूपमा संगठन निर्माण तथा विस्तार गरिनु पर्दछ । यस दौरानमा देजमो, जबस र मोर्चाहरूको साधारण सदस्यता वितरण गरिनु पर्दछ। देजमोको आम रूपमा सदस्यता वितरण र अरु जबस तथा मोर्चाको हकमा ठाउँ र अवस्था हेरी गर्नु पर्दछ। संभव भएसम्म तिनका संगठनहरू निर्माण गरिनु पर्दछ।
- अभियान सञ्चालनको सुरुवात गरिने तुलनात्मक रूपमा हाम्रो आधार भएका ठाउँहरूमा व्यापक रूपमा सदस्यता वितरण तथा तिनका संगठनहरू अनिवार्य रूपमा निर्माण गरिनु पर्दछ र उक्त स्थानलाई हाम्रो मजबुत ठाउँ बनाउन कोसिस गरिनु पर्दछ।
- संगठन निर्माण गर्दा देजमो, युवा, विद्यार्थी, मजदुर, महिला र शिक्षक तथा जातीय मोर्चा निर्माण गर्दा स्थानीय विशेषतालाई हेरी मोर्चा निर्माण गर्न जोड दिनुपर्दछ।
- अभियानलाई अगाडि बढाउँदा चुनावको बेलामा सम्पर्कमा आएका तथा देजमोलाई मत हाल्ने जनतालाई संगठनमा आबद्ध गरिनु पर्दछ।
- अभियानका दौरानमा स्थानीय जनताका समस्याहरू तथा मागहरूको संकलन तथा अनुसन्धान गरिनु पर्दछ । यसका साथै स्थानीय निकायका योजना, बजेट बाँडफाँड र त्यसका कार्यान्वयन पक्षलाई अध्ययन गरी संघर्षको तयारी गरिनु पर्दछ।
- अभियान सञ्चालनका दौरानमा पर्ने पर्वहरू फागुन १ जनयुद्ध दिवस, फागुन १४ देखि २१ सहिद सप्ताह, फागुन २४ गते आठ मार्च महिला श्रमिक दिवस, चैत्र ५ गते सांस्कृतिक बलिदान दिवस, चैत्र २४ गते जनआन्दोलन दिवस जनपरिचालनसहित मनाउनु पर्दछ।

अभियानको मध्यमचरण संगठन निर्माण तथा विस्तारको चरणको समाप्ति सँगसँगै अभियानको अन्तिम चरण संश्लेषणको चरण हुनेछ । संश्लेषणको चरण चैत्र महिनाभरि हुनेछ र यस चरणमा निम्न कामहरू सम्पन्न गरिनु पर्दछ।

- यस चरणमा विभिन्न संगठनहरूको वडा भेला र स्थानीय निकाय स्तरका संगठनहरूको भेला गरी चैत्र १५ सम्ममा वडा तथा स्थानीय स्तर वा इलाका स्तरका संगठन सुदृढ गरिने छ।
- चैत्र मसान्त सम्ममा स्थानीय तह स्तरका संगठनहरूका प्रतिनिधित्व हुने गरी जिल्ला भेला गरी जिल्ला संगठनहरू सुदृढ बनाइने छ।

संश्लेषणको अन्तिम चरणमा जिल्ला पार्टीको पनि भेला वा सम्मेलन गरी पार्टीलाई सुदृढ बनाइनेछ।

अभियानको समाप्तिसंगै तुलनात्मक रूपमा सुदृढ, विस्तारित र जनतासंग भिजेका पार्टी बन्नेछ। यसले जनताका यथार्थ समस्या र मागसहितलाई लिएर गरिने संघर्षका लागि ठुलो आधार निर्माण हुनेछ। यसले एकातिर क्रान्तिकारीहरू बीचको एकीकरण तथा ध्रुवीकरण र प्रतिक्रिवादका विरुद्ध गरिने संघर्षको लागि थप ऊर्जा प्रदान गर्नेछ भने अर्कोतिर अभियानले पार्टीलाई नयाँ जनवादी क्रान्तिको दिशामा दोऱ्याउन मद्दत पुऱ्याउनेछ।

## कम्युनिष्ट...

प्रतिक्रान्ति भयो । चीनमा भएको क्रान्तिले विश्वकम्युनिष्ट आन्दोलनमा ठूलो नकारात्मक प्रभाव पाऱ्यो।

सन् १९८० मा विश्वभर छरिएर रहेका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूको अन्तर्राष्ट्रिय भेला सम्पन्न भयो । सन् १९८४ मा त्यसले क्रान्तिकारी अन्तर ाष्ट्रिय आन्दोलन ९च्क्ष्ः० को गठन गऱ्यो। रिम ९च्क्ष्ः० ले मार्क्सवाद-लेनिनवाद-माओवादलाई क्रान्तिको पथप्रदर्शक सिद्धान्त बनायो । हाल आएर रिमको पनि विघटन भइसकेको छ।



आज विश्वमा एकारित साम्राज्यवादको अर्ध तथा नवऔपनिवेशिक प्रभुत्व तथा नवउदारवादी निजीकरण एवम् केन्द्रीकरण तीव्र रूपमा बढ्दै गएको छ भने अर्कोतिर वित्तीय पुँजीवादको सङ्कट पनि झनै गहिरिदै छ । यस स्थितिमा अहिले विश्वमा श्रम र पुँजी, साम्राज्यवादी शक्तिहरूका बीचको आपसी अन्तर्विरोध र साम्राज्यवाद तथा उत्पीडित राष्ट्रहरूका बीचको अन्तर्विरोध आ-आफ्नो ढंग र गतिमा विकसित हुँदै गएका छन्। तर पनि अहिले साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूका बीचको अन्तर्विरोध नै प्रधान अन्तर्विरोध कायमै रहन गएको छ।

यो बेला अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन कमजोर अवस्थामा छ। तात्कालिक एनेकपा (माओवादी) दक्षिणपन्थी नवसंशोधनवादी भासमा फस्नु, अमेरिकाको आरसीपीमा गम्भीर दक्षिणपन्थी विचलन पैदा हुनु र बाँकी रहेका कम्युनिष्ट पार्टी तथा संगठनहरूबाट पनि आवश्यक पहल हुन नसक्नुको कारण अहिले क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन ९च्क्ष्ः० विघटित बन्न पुगेको छ।

सन् २०१७ अक्टुबर २५ (रुसी नयाँ पात्रानुसार सन् २०१७ नोभेम्बर ७) का महान रुसी अक्टुबर क्रान्तिले १०० वर्ष पुरा गरेको छ । महान् अक्टुबर क्रान्तिले १०० वर्ष पूरा गरेको अवसरमा रुसका क्रान्तिकारी धारका कम्युनिष्ट पार्टीहरूले रुसकै ऐतिहासिक शहर लेनिनग्रादमा अक्टुबर सतवार्षिकि उत्सव मनाउन सप्ताहव्यापी विविध कार्यक्रमको आयोजना गरेका थिए। त्यस अवसरमा संसारभर छरिएर रहेका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूलाई निमन्त्रणा गरेका थिए। त्यस ऐतिहासिक महान् अक्टुबर क्रान्ति सतवार्षिकी उत्सव समारोह र विविध कार्यक्रममा भाग लिन म पनि रुसको राजधानी मस्को हुँदै लेनिनग्राद पुगेको थिएँ । त्यहाँ हामी संसारभरका करीब ९५ देशका कम्युनिष्ट पार्टीका प्रतिनिधिहरू उपस्थित भएका थियौं।

त्यस ऐतिहासिक अक्टुबर शतवार्षिकी उत्सव समारोहमा भेला भएका हामी सबैले एउटै स्वरमा 'लेनिनका योगदानहरू सार्वभौम छन्, यी योगदानहरूलाई रुसमा मात्र सिमित नराखेर विश्वभर फैलाउनु पर्छ र लेनिनका सार्वभौम योगदानहरूको रक्षा, प्रयोग र विकास गर्नु पर्दछ' भन्ने ' आवाज उठाएका थियौ। र आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । विश्व क्रान्तिको संभावता प्रबल छ। विश्वभरका क्रान्तिकारीहरू एकजुट हुन अति जरुरी छ । र, क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूको सहभागितामा एउटा सशक्त क्रान्तिकारी कम्युनिष्ट अन्तर्राष्ट्रियको निर्माण गर्न आवश्यक छ' भन्ने आवाज उठाएका थियौं। र सबै सहभागीहरूले कम्युनिष्ट अन्तर्राष्ट्रियको निर्माणको आवश्यकतामा जोड दिएका थिए । सन् २०१७ नोभेम्बर ७ का दिन लेनिनग्रादमा निकालिएको विशाल जुलुस प्रदर्शनमा पनि यी आवाजहरू बुलन्द गरिएका थिए।

यस स्थितिमा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) लगायतका अन्य पार्टी तथा संगठनद्वारा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगले संगठित गर्नका लागि आवश्यक पहल हुँदैआएको छ । यस अतिरिक्त संसारभरका कम्युनिष्ट क्रान्तिकारीहरूले अन्तर्राष्ट्रियको स्थापनाको निम्ति आवश्यक वातावरण निर्माण गर्न ढिलाइ गर्नुहुँदैन।

माघ १७ देखि माघ २३ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई

## खेलाडीले पनि अब पेट पाल्न सक्छन्

**माघ १७ गते।** फुटबलर बिमल घर्तीमगरले नेपालको नाक निकै ठूलो बनाइदिएका छन् । खेलाडीले पनि पेटपाल्न सक्छन् भन्ने कुराको प्रमाण पेश गर्न सफल बिमललाई भारतको आइलिग क्लब मोहनबगानले ३२ लाखमा अनुबन्धन गरेको छ । यो रकम भनेको १९ वर्ष मुनिका नागरिकको जीवनमा निकै महत्व राख्छ। बधाइ छ, बिमललाई।

**माघ १८ गते ।** पुराना वामपन्थी विचारधाराका व्यक्ति चन्द्रदेव जोशीले आजको एक दैनिक पत्रिकामा एउटा लामो लेख लेख्तै भनेका छन्, 'अबको बाटो भनेको समाजवाद नै हो' । यो वामपन्थी विचारधारा र समाजवादको धारा बुझ्न मैले आफ्नो दिमागको घैंटो निकै समय लगाएर खोल्न खोजें तर केही गर्दा पनि खोल्न सकिन । खुलोस पनि कसरी ? नेताहरू ६० वर्ष नपुगुन्जेल आफूलाई वामपन्थी भन्छन्, साठ्ठी काटेपछि समाजवादको सुगा रेट्न थाल्छन् । जोशी पनि केही समय अगाडिसम्म आफूलाई मार्क्सवादी भन्थे तर उनी यतिवेला माओवादी केन्द्रमा प्रवेश गरेका छन् । माओवादी केन्द्र पनि एमालेमा प्रवेश गरिसकेको छ, त्यसैले होला जोशीको दिमाग पनि समाजवाद तर्फ अभिमूखि भएको । अन्यथा देश र जनता जहाँको त्यही छन्, जुन निरँकुश एकतन्त्रीय जहानिया राणा शासनमा थियो । यो दुई चार वटा स्वतन्त्रका नारा लाग्ने बित्तिकै समाजवाद आउने भए किन मानिसलले मानिसका लागि रगत बगाउनुपर्थ्यो र ! कि कसो हो ?

**माघ १९ गते।** नेपालको अत्यन्तै नाफामा गएको नेशनल ट्रेडिङ कम्पनी प्रधानमन्त्री शेरबहादुर देउवाले बेचेर खाइदिए। उनका गडफादर गिरिजाप्रसाद कोइरालाले ३६ वटा भन्दा बढी सरकारी लगानीमा सञ्चालित संस्थानहरू बिक्री गरेर नेपालीलाई खाडीको कुल्ली बनाए भने यिनले भूकम्प पीडितका लागि झिकाइएको जस्तापातासमेत बेचेर खाए। यस्ता भ्रष्टलाई कानुनी दायरामा ल्याउने कुनै आधार नभएकाले यिनीहरू नेपालको ढुकुटीमा छाडा छोडिएको साँढे जस्तै भएका छन्। जनताले यसैगरी आगामी नेताहरूलाई पनि छाडिरहने हो भने कुनै दिन नेपाल टाट पल्टिने खतरा छ।

**माघ २० गते।** नेता, कर्मचारी र व्यापारी यो देशका खुम्रेकिरा हुन्, हाम्रो कलम यसैमा बारम्बार चलिरहेको छ तर 'चोरलाई चौतारी र साधुलाई सुली' भनेझै हुने रहेछ। हामीले लेख्ता निकै ठूला भढ्खाला खुल्ने रहेछन् । त्यसैले त निरंकुश पञ्चायती व्यवस्थामा भन्दा सयौं गुणा बढी भ्रष्टाचार भैरहेको छ। यहाँसम्म कि ०४६ साल भन्दा अगाडि स्वतन्त्रताको लडाइँ लडेको भन्ने नेता बरु भ्रष्ट देखिएका छन् । भूपू नेता, कर्मचारी र हालका नेता तथा कर्मचारीले समेत सम्पत्ती विवरण पेश नगर्नुको अर्थ के हुन सक्छ र !

**माघ २१ गते ।** कपाल फुलेका नेपाली कांग्रेसका युवा नेता चन्द्र भण्डारी नयाँबानेश्वरको चोकमा जनताको जुत्ता पालिस गर्दै रहेको अवस्थामा देखापरे । यो काममा भण्डारीलाई कसले धकेल्यो ? यो प्रश्न यतिवेला नेपाली कांग्रेस भित्र कुष्ठरोगझैं फैलिएको छ। यस्तो रोग सरुवा रोग हो भन्ने जान्दाजान्दै विचरा भण्डारी किन होमिए ? अरु कांग्रेसीलाई भन्दा कम कुष्ठरोग लागेका भण्डारी आत्तिदै ह्विडेको भट्नेहरूले बताए, 'जस्ले यता धकेले पनि भट्टी भित्रबाट निस्किएर दूध खाएर आएको भन्दा कसैले पत्याउँदैन क्यारे' ।

**माघ २२ गते।** भारतीय परराष्ट्रमन्त्री सुष्मा स्वराज नेपाल आएर आतिथ्यग्रहण गर्दै हिजो भारत फर्किएकी छिन्। यो भ्रमणको भ्रम र वास्तविकताका बारेमा पछि पुष्टि होला तर हिजोआज निकै अलोकप्रियता कमाइरहेको छ।

**माघ २३ गते।** अत्यन्तै खरा साहित्यकार मनुब्राजाकीको भौतिक शरीरले हिजो पृथ्वीबाट परलोक भ्रमण गरेको छ । मानिस कसैले पनि स्थान नपाउने यो धर्तीमा ब्राजाकी पनि एक हुन्, उनको प्रणाहूतिलाई एक मुट्ठी सलाम।

## वैज्ञानिक...

सम्भव छैन। यसका लागि सर्वहारा वर्गको पार्टीको नेतृत्व र मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक निर्देशनमा हुने समाजवादी क्रान्ति अनिवार्य छ । यसले उत्पादक शक्तिको उपयुक्त व्यवस्थापन गरेर साम्यवादको दिशामा अगाडि बढ्न वैचारिक, राजनीतिक तथा भौतिक पूर्वाधार निर्माण गर्ने छ। यो स्थितिमा मात्र चौथो औद्योगिक क्रान्तिले गरेको अभूतपूर्व विकास मानव जातिको लागि वरदान सावित हुने छ। पुँजीपतिले उत्पादन गर्ने सबै वस्तुहरू उसैको चिहान खन्ने मलामीहरू हुन् भन्ने मार्क्स र एङ्गेल्सले कम्युनिष्ट घोषणापत्रमा भनेको भनाइको मर्म यही हो । यसरी पुँजीवादको चिहानबाट वैज्ञानिक समाजवाद क्षितिजमा झुल्किंदै छ।

*माघ २०, २०७४*

## संगठन...

ठहर्दैन । यसो भन्नुको तात्पर्य विचार सिद्धान्तलाई एकातिर पन्छाएर वा क्रान्तिकारी कार्यदिशालाई बेवास्ता गरेर एकताको नाउँमा तत्कालै नेताहरूले चोचोमोचो मिलाई हाल्नुपर्छ भन्ने पनि होइन । मालेमावादमा आधारित क्रान्तिकारी विचार सिद्धान्तलाई केन्द्रमा राखेर ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै पार्टी एकता वा ध्रुवीकरणमा जोड दिनु पर्छ।

यसै सन्दर्भमा क.माओको भनाइलाई गम्भीरताका साथ लिन र आत्मसातीकरण जरुरी देखिन्छ। माओ भन्नुहुन्छ, 'कम्युनिष्ट पार्टीको एकताद्वारा मात्र सम्पूर्ण वर्गको एकता र सम्पूर्ण राष्ट्रको एकता प्राप्त गर्न सकिन्छ । सम्पूर्ण वर्ग र सम्पूर्ण राष्ट्रको एकताद्वारा मात्र शत्रुलाई पराजित गर्न सकिन्छ र राष्ट्रिय र जनवादी क्रान्ति पूरा गर्न सकिन्छ।' हो कमरेड माओले भनेजस्तै साम्राज्यवाद र विस्तारवादद्वारा सञ्चालित यहाँका प्रतिक्रियावादी र दक्षिणपन्थी संशोधनवादी शक्तिहरूलाई परास्त गरी वर्गीय मुक्ति र राष्ट्रिय मुक्ति आन्दोलन सफल पारी संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्था स्थापना गर्न र जनवाद, समाजवाद हुँदै साम्यवादी चरणसम्म पुग्न क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूको बीचमा एकता वा ध्रुवीकरण हुनु अनिवार्य छ। त्यसो भयो भने मात्र राष्ट्रले दिगो शान्ति र स्वाधीनता प्राप्त गर्न सक्छ । यो सम्भव छ, विल्कुलै सम्भव छ। क्रान्तिकारी पार्टीहरूबीचको एकताबाट पैदा हुने भौतिक शक्ति नै विजयको स्रोत बन्न जान्छ। क्रान्तिकारी पार्टीहरूबीचको एकता नै राष्ट्र र जनताको विजय र प्रतिक्रियावादी तथा दक्षिणपन्थी संशोधनवादी तत्वहरूको पराजयको द्योतक हो। व्यक्तिगत इच्छा र चाहनालाई थाति राखेर महान् उद्देश्य प्राप्तिका लागि एकताबद्ध हो औं विजय सुनिश्चित छ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं।

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४४०३१५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ।
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# संगठन विस्तार र क्रान्तिकारीहरूबीचको एकता र ध्रुवीकरण आजको आवश्यकता



● धनेश्वर पोखरेल ●

क्रान्ति गर्नका लागि मालेमावादी सिद्धान्तमा आधारित कम्युनिष्ट पार्टी हुनै पर्छ । त्यसका साथै बलियो र दरिलो संगठन चाहिन्छ । कम्युनिष्ट पार्टी मास पार्टी नभएर कार्यकर्ता वेस पार्टी हो । सहि नीति सिद्धान्तमा आधारित कम्युनिष्ट पार्टी र संगठन एक अर्कामा अन्तर संबन्धत हुन्छ । कार्यकर्ताविनाको कम्युनिष्ट पार्टी लंगडो हुन्छ भने सहि नीति-सिद्धान्त विनाको संगठन अन्धो र अराजक हुन्छ । संगठित जनतालाई आमूल परिवर्तनको दिशातिर डोऱ्याउने मूल कडी भनेको वैचारिक दृष्टिकोण र त्यसअनुरूपको वैज्ञानिक योजना हो । नीति-सिद्धान्त मात्र सही भएर पुग्दैन त्यसलाई व्यवहारमा प्रयोग गर्ने र परिणाम निकाल्ने शक्ति भनेको संगठन हो । अर्कोतर्फ संगठन मात्र ठूलो भएर पनि परिवर्तन सम्भव हुँदैन त्यसलाई सचेत ढंगले परिवर्तनको दिशातिर धकेल्ने शक्ति भनेको क्रान्तिकारी पार्टी हो । आफ्नो वर्गको पहिचान गर्ने र त्यसलाई संगठित गरी क्रान्तिको दिशामा अगाडि बढाउने मुख्य काम भनेको कम्युनिष्ट पार्टी नै हो । कम्युनिष्ट पार्टीको सचेत पहल र प्रयत्नद्वारा मात्र कुनै पनि देशको वर्गीय तथा राष्ट्रिय मुक्ति र आमूल परिवर्तनको सम्भावना रहन्छ । त्यसको निम्ति कम्युनिष्ट पार्टी आत्मगत रूपले बलियो बन्नै पर्छ । अर्को तर्फ क्रान्तिकारी शक्तिहरू विभिन्न खेमामा विभक्त रहँदासम्म क्रान्तिकारी आन्दोलन प्रभावकारी ढंगले अगाडी बढ्नै सक्दैन ।

कम्युनिष्ट पार्टीमा विचार-सिद्धान्त महत्व जैलेसुकै अग्रस्थानमा हुन्छ । त्यसको साथै संगठन त्यत्तिकै आवश्यक हुन्छ । संगठनविना संघर्षका कामहरू प्रभावकारी ढंगले अगाडि बढ्न सक्दैनन् । त्यसमा अझ जतिवेला सिंगो कम्युनिष्ट आन्दोलनमा आउने उतारचढावका कारण कम्युनिष्ट पार्टी रक्षाको अवस्थामा धकेलिन पुग्छ त्यतिवेला संगठनको आवश्यकता झनै खड्काएको हुन्छ । वैचारिक रूपमा पार्टी जतिसुकै सशक्त, जुझारु भएता पनि सांगठनिक रूपमा कमजोर छ भने प्रतिक्रियावादी र अवसरवादीहरूले हेप्ने र पेलेर लैजाने गर्छन् । त्यतिमात्र हैन उनीहरू कम्युनिष्ट आन्दोलनलाई नै समाप्त पार्नका लागि अनेक हथकाण्ड अपनाउने गर्छन् । यो उनीहरूको आम नियति र प्रवृत्ति नै हो । कम्युनिष्ट आन्दोलनलाई जोगाउन र विस्तार गर्दै निर्णायक विन्दूमा पुऱ्याउनको लागि क्रान्तिकारी विचार सिद्धान्तसहितको बलियो क्रान्तिकारी पार्टी संगठन निर्माण गर्नैपर्छ । संगठन निर्माण, विस्तारसहित राष्ट्र र जनताका जल्दाबल्दा समस्याहरू संकेन्द्रित गरी संघर्षका कार्यक्रमहरूलाई पनि बुलन्द पार्नैपर्छ । त्यसको निम्ति संगठन-संघर्ष र संगठनको नीतिलाई पकड्न पर्ने हुन्छ । संगठन पार्टीको गतिशील जीवन हो । कम्युनिष्ट पार्टीको संगठन व्यापक जनताको बीचमा बन्न जरुरी छ । यसो गर्दा संगठनको आकार कत्रो र कस्तो बनाउने भन्ने सवाल आउन सक्छ । एउटा बुझ्नैपर्ने कुरा के छ भने संगठन जतिसुकै व्यापक बनेता पनि त्यो भारी भरकमको रूपमा नभएर चुस्त-दुरुस्ट हुनुपर्छ । ताकि त्यो लेनिनवादी संगठनात्मक सिद्धान्तको आधारमा चल्न सकोस् । त्यसमा आधारभूत अनुशासन, नैतिकता, गोपनीयता, इमान्दारिता, जिम्मेवारीबोध, आत्मालोचना-आलोचना हुनुपर्छ । भारी भरकमको सांगठनिक संरचनामा यी कुनै पनि चिज रहँदैनन् । चुस्त सांगठनिक संरचनामा मात्र यो पद्धतिलाई लागू गर्न सकिन्छ र संगठन सुदृढ व्यवस्थित र चलायमान भैरहन्छ । संगठन चुस्त र चलायमान भैरह्यो भने त्यसले जनतामा राम्रो प्रभाव पार्छ । भद्दा संगठन पार्टीको हितमा हुँदैन । कम्युनिष्ट पार्टीलाई योजनाबद्ध ढंगले विघटन गर्नुछ भने त्यसको सांगठनिक संरचनालाई ठूलो विशाल बनाउनुपर्छ ताकि त्यहाँ कुनै छलफल-बहस, आत्मालोचना-आलोचना गर्ने अवसरै नहोस् । नेताको एकतर्फी डिक्टेटर लागू होस् । अथवा संगठनभित्र जस्लाई जे गर्न पनि छुट होस्, त्यसको हिसाब-किताब टिकाटिप्पणी र आलोचना कसैले कसैको गर्न नपरोस् । कोही पनि अनुशासनको दायरामा बाँधिन नपरोस् । यस्तो सांगठनिक संचरना कम्युनिष्ट पार्टीको हुँदैन र हुनैसक्तैन । त्यो त कम्युनिष्ट पार्टीलाई योजनाबद्ध ढंगले विघटन गर्ने प्रतिक्रियावादी र दक्षिणपन्थी संशोधनवादीहरूको नियोजित योजना हो ।

वर्तमान सन्दर्भमा नेपालका कम्युनिष्ट आन्दोलनमा आएको दक्षिणपन्थी हावाहुरीका कारण क्रान्तिकारी आन्दोलन रक्षात्मक चरणमा छ । यतिवेला दक्षिणपन्थी संशोधनवाद नेपाली कम्युनिष्ट आन्दोलनको प्रमुख बाधकको रूपमा आएको छ । यसले हँसिया हथौडाको झण्डामुनी बसेर नेपाली समाजमा काफी भ्रम छर्दै आएको छ । दक्षिणपन्थी संशोधनवादको चरित्र भनेको नीति-सिद्धान्तमा पुँजीवाद लागू गर्ने र आवरणमा कम्युनिष्ट देखाउने हुन्छ । अर्थात् रूपमा मार्क्सवाद र सारमा प्रतिक्रियावाद लागू गर्ने हुन्छ । पछिल्लो चरणमा माकेमा आएको सैद्धान्तिक विचलन र एमाले करणले क्रान्तिकारी कम्युनिष्ट पार्टीमा सांगठनिक रूपमा केही धक्का लागेको छ । जसले गर्दा क्रान्तिकारी आन्दोलन कमजोर बन्न पुगेको छ । यो स्थितिमा संगठन विस्तारको प्रश्न क्रान्तिकारी माओवादीको निम्ति प्रमुख बनेको छ । प्रचण्ड-बाबुरामको वैचारिक विचलन, बादल-गुरुङहरूको बहिर्गमन आदिले समग्रमा माओवादी आन्दोलन रक्षामा धकेलिन पुग्यो । यो स्थितिमा क.लेनिनले भनेझैं 'हामीलाई यतिखेर चाहिएको संगठन, संगठन र फेरि संगठन हो । यदि संगठन निर्माण गर्ने कुराको मर्मलाई ठीकसँग पक्डेर अगाडि बढ्यौ भने चुनौतीका जतिसुकै ठूला पहाडहरू हाम्रा अगाडि खडा भए पनि त्यसलाई पन्छाएर हामी अगाडि बढ्न सक्छौं ।' अन्यथा हाम्रो विघटनको प्रक्रियालाई कसैले रोक्न सक्तैन ।

अर्को महत्वपूर्ण कुरा के पनि हो भने नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न विभिन्न खेमामा रहेका क्रान्तिकारी कम्युनिष्टबीच एकीकरण वा ध्रुवीकरण हुन जरुरी छ । क्रान्तिकारीहरूको बीचको एकताविना एक्लै बाँसको लिंगोमा हड्डी झुण्डाएर कसैले पनि विरवलका खिचडी पकाउन सक्तैन । कुण्ड-कुण्ड पानी, मुण्ड-मुण्ड बुद्धिले नेपालको क्रान्तिकरी आन्दोलन सफल हुन सक्दैन । एकातिर प्रतिक्रियावादी शक्तिको ध्रुवीकरण अर्कातिर दक्षिणपन्थी संशोधनवादीहरू वीचको ध्रुवीकरण भै क्रान्तिकारी शक्तिहरूमाथि हमला बोली रहेका अवस्थामा जुनसुकै खेमामा रहेको क्रान्तिकारी जनता, कार्यकर्ताहरूले पनि क्रान्तिकारी पार्टीहरू बीच एकता र ध्रुवीकरणको चाहना हुनु र नेतृत्वबाट त्यो खालको अपेक्षा राख्नु स्वाभाविकै हो । साथै वर्तमानको विशिष्ट अवस्थामा त्यो एकता अपरिहार्य आवश्यकता पनि हो । क्रान्तिकारी जनता कार्यकर्ताको यो आग्रहलाई नजरअन्दाज गरेर कोही पनि क्रान्तिकारी शक्ति एकता अर्थात् ध्रुवीकरणको प्रक्रियाबाट भाग्न मिल्दैन । अर्थात् यो वा त्यो बहानामा एकता प्रक्रियालाई पर-पर सार्न पनि सान्दर्भिक *...बाँकी ७ पेजमा*

## मार्क्सवादको...

मुख्य तत्व हो । जसको आधारमा जो कोहीको त्यस प्रतिको निष्ठाको जाँच गरिनु पर्छ । अर्थात मार्क्सवादको संरक्षण र विकासलाई उपरोक्त विश्व दृष्टिकोण र विधिशास्त्रको केन्द्र विन्दुबाट हेरिनु पर्छ, र यहीबाट नै कसैको निष्ठाको जाँच हुनु पर्छ ।

हाम्रो मुलुकमा मार्क्सवादको संरक्षणको सवाल हामी नेपाली कम्युनिष्टहरू सामु रहेको एउटा जल्दो सवाल हो । नेपाली कम्युनिष्ट आन्दोलनमा सैद्धान्तिक चिन्तनको क्षेत्रमा ब्याप्त रूपमा फैलिएका संशोधनवादी अवसरवादी र अन्य गैरसर्वहारा प्रवृत्तिहरूको विरुद्ध दृढ संघर्ष चलाउने आम कम्युनिष्ट तथा क्रान्तिकारीहरूलाई त्यसको प्रभावबाट मुक्त पार्ने, र त्यसभित्र मार्क्सवादलाई स्थापित गर्ने सवाल हो । हाम्रो आन्दोलनभित्र जम्मा भएका फोहरहरूलाई मार्क्सवादी कुचोले बढारेर नपठाएमा तिनले त्यसलाई नराम्ररी प्रभाव पारिरहेका हुन्छन् । यो सवाल कम्युनिष्ट आन्दोलनलाई पुँजीवादी, सुधारवाद र उदारवादको धापमा पार्ने चलिआएको दुष्प्रयासलाई विफल पार्ने साल्लाहा हो । मार्क्सवादी सत्यको स्थापना, संरक्षण र विजय संशोधनवादी तथा अवसरवादी झुटहरूको विरुद्ध सघर्ष मार्फत हुनसक्ने एउटा सुविदित तथ्य हो ।

संशोधनवाद र अवसरवाद विरुद्ध संघर्षमा सहभागिता मार्फत मार्क्सवाद प्रति निष्ठा ब्यक्त हुने तरिका एउटा प्रतिरक्षात्मक तरिका हो, अर्थात, यसको उद्देश्य मार्क्सवादका आधारभूत सिद्धान्तहरू प्रति फैलाइएको भ्रम तथा अपब्याख्याको पर्दाफास गरी त्यसलाई स्पष्ट पार्नु वा त्यस प्रतिको कसैबाट उठाइएका विरोधको जवाफमा त्यसको औचित्यलाई सावित गुर्न । मार्क्सवादका सिद्धान्तलाई विकृत रूपमा प्रस्तुत गर्ने, त्यसको भ्रष्टीकरण गर्ने वा त्यसको गलत ब्याख्या गर्ने प्रयासहरूको स्थितिमा उपरोक्त कार्य निश्यच पनि आवश्यक र उपयोगी छ, तर त्यसको क्रियाशीलता सीमित खालको रहन्छ, अर्थात सो कार्य त्यसलाई धान्न सक्ने खालको रहँदैन । कुनै पनि सिद्धान्तको वास्तविक संरक्षण र त्यसको जीवन्ताको प्रमाणीकरणका लागि प्रतिरक्षात्मक तरिका मात्र पर्याप्त रहँदैन । त्यसको लागि अर्को तरिकाको आवश्यकता रहन्छ, र त्यो हो सिर्जनात्मक तरिका कामकाजी तथा प्रगतिशील तरिका । मार्क्सवादी सिद्धान्तको मामिलामा, त्यसको अर्थ र तात्पर्य हो वर्तमान समयका ठोस अवस्थाहरूको वैज्ञानिक ब्याख्या विश्लेषण गर्नमा र त्यसले प्रस्तुत गरेको नयाँ समस्या र अभिभाराहरूलाई सम्बोधन गर्न र तिनको समाधानको उपाय निकाल्नमा मार्क्सवादी दृष्टिकोण र विधिशास्त्रको उचित रूपमा प्रयोग गर्नु ।

यहाँ कुन कुरा ध्यानयोग्य छ भने मार्क्सवादको सिर्जनात्मक प्रयोगको सबभन्दा प्रमुख त वर्तमान समयका ठोस, वस्तुगत अवस्थाहरूको अध्ययन तथा विश्लेषणमा, राजनीतिक व्यावहारिक संघर्षमा उत्पन्न समस्याहरूको समाधानमा मार्क्सवादी (द्वन्द्वात्मक भौतिकवादी) तरिकाको प्रयोग गर्नु हो, जसले गर्दा सम्बन्धित विषयबारे वैज्ञानिक समझदारी र समाधानको सही उपाय हासिल गर्न सकिने छ । अर्को शब्दमा, यहाँ मार्क्सवादीहरूले आफ्नो मुलुकको क्रान्तिकारी आन्दोलनको ठोस यथार्थतासित मार्क्सवादी सिद्धान्तलाई एकजुट पार्नु सबभन्दा प्रमुख कुरा हो, जसले गर्दा मार्क्सवादले सम्बन्धित मुलुकको माटोमा जरा गाड्न र मूर्तरूप लिन सक्ने छ ।

क्रान्तिको ठोस यथार्थतासित मार्क्सवादी सिद्धान्तलाई एकजुट पार्नु त्यसको उचित प्रयोग गुर्न भनेको त्यसको जीवन्तता र परिवर्तनकारी शक्तिलाई अभिब्यक्ति प्रदान गर्नु हो । त्यसका सार्थ, व्यवहारमा प्राप्त हुने नयाँ अनुभवहरू र ज्ञानबाट सिक्ददै र त्यसबाट सही निचोडहरू निकाल्दै मार्क्सवादलाई समृद्ध र विकसित गर्दै जानु त्यसप्रतिको निष्ठाले अपेक्षा गर्ने कुरा हो । लेनिन र माओले आ-आफ्नो मुलुकको क्रान्तिको यथार्थतामा त्यसलाई ठीकसित लागु गर्दै र क्रान्तिकारी व्यवहारमा प्राप्त अनुभवबाट नयाँ निष्कर्षहरू निकाल्दै त्यसलाई समृद्ध र विकसित गरेका थिए । ऐतिहासिक यथार्थता र त्यसको विकाससित मार्क्सृवादलाई एकजुट पार्नु नै त्यस प्रतिको सच्चा निष्ठा हो ।

समाज गतिशील र परिवर्तनशील छ, इतिहास एक युगबाट अर्को युगमा संक्रमण गर्दै अघि बढ्छ, युगमा हुने परिवर्तनसँगै नयाँ परिस्थिति पैदा हुन्छन्, र त्यसैले मार्क्सवादको लागि बदलिँदो परिस्थितिसित आफुलाई समायोजित गर्न आफ्नो विकासको आवश्यकता पर्दछ, र त्यस ढंगबाट मार्क्सवादको विकास हुँदै आएको हामीले देखेका छौं । तर, विकासको अर्थ मार्क्सवादी प्रस्थापनालाई जथाभावी ढंगले अर्थ्याउनु वा आफुलाई मन लागेको विचार वा धारणा त्यसमा थप्नु, वा मार्क्सवाद विपरित कुरा, ल्याएर त्यसमा घुसाउन कदापि होइन, जुन कुरा अहिले हाम्रो सैद्धान्तिक फाँटमा भइरहेको हामी देखिरहेका छौं । हाम्रो मुलुकमा आफुलाई मार्क्सवादी सिद्धान्तकार ठान्ने कतिपयले त्यसमा पुँजीवादी वा निम्नपुँजीवादी धारणा घुसाएर त्यसको विकृतीकरण वा सारसंग्रहवादीकरण गर्न खोजिरहेका छन् । त्यस्ता तत्व भनेका मुख्य रूपमा हाम्रो कम्युनिष्ट आन्दोलनभित्रका संशोधनवादी र अवसरवादीहरू हुन् । उक्त तत्वहरूले आफ्ना उदार-सुधारवादी रााजनीतिलाई अघि बढाउन मार्क्सवादको विकासको नाउँमा उपरोक्त खालको काम गरिरहेका छन् । स्पष्ट छ, तिनीहरूको त्यस्तो कार्यबाट हुने कुरा मार्क्सवादको विकास होइन, बरु पुँजीवादी उदारतावाद र सुधारवादका त्यसको अर्धपतन हो ।

मार्क्सवादको सिद्धान्त आकस्मिक रूपमा पैदा भएको कुनै चीज होइन । त्यो त इतिहासको उपज हो । इतिहासाके उपजको रूपमा त्यसको विकास इतिहासको विकास सँगसँगै हुनैपर्छ । समय र परिस्थितिमा निरन्तर भइरहने परिवर्तनहरूसिद्ध मार्क्सवादलाई समायोजित गर्न त्यसको विकास हुनु एउटा अनिवार्य आवश्यकता हो । त्यसो भएन भने त्यो एउटा जड वस्तु बन्ने छ । इतिहासको विकासको सिलसिलामा देखापर्ने नयाँ ऐतिहासिक तथ्यहरूलाई पहिले स्थापित निष्कर्षसित मिलाउन त्यसको तोडमरोड गर्नु कदापि उचित हुन्न, बरु ती तथ्यहरूको आधारमा निस्कने नयाँ निष्कर्षहरूलाई आत्मसात गर्दै त्यसको विकास गर्नुपर्दछ । सामाजिक जीवनमा उत्पन्न हुने गम्भीर तथा जटिल समस्याहरूलाई मार्क्सवादीहरूले आलटाल गरेर पन्छाउने कदापि गर्न हुन्न बरु तिनीहरूले त्यस्ता समस्याहरूको पहिचान गर्ने, तिनलाई सम्बोधन गर्ने र तिनको समाधान पत्ता लाउने गर्नुपर्छ । त्यसको लागि तिनीहरूले वस्तुगत यथार्थताको गहन रूपमा अध्ययन गर्ने र मानव जातिले प्राप्त गरेका कामलाग्दो ज्ञानलाई आत्मसात गर्नु आवश्यक छ ।

यदि मार्क्सवादको विकास हुने हो भने, त्यसको सो विकास त्यसको आफ्नै आधारमा हुनुपर्छ । त्यसको विकास गर्ने काममा पूरा गर्नुपर्ने सबभन्दा प्राथमिक पूर्वशर्त के हो भने त्यसमा थपित कुरा मार्क्सवादसम्मत हुनुपर्छ र त्यो मार्क्सवादको आधारमा निकालिने व्यावहारिक अनुभवको, ऐतिहासिक अनुभवको उचित निचोड हुनुपर्छ । त्यस सम्बन्धमा अर्को महत्वपूर्ण कुरा के छ भने मार्क्सवादको विकासको नाउँमा थपिने कुनै पनि प्रस्थापना पूरै रूपले तर्कसंगत हुनुपर्छ । यो शर्त एकदमै महत्वपूर्ण छ, किनभने तार्किकताबिनाको कुनै पनि धारणा कदापि ग्रहणयोग्य हुन सक्दैन ।

## क्रान्तिकारी....

३ नं. प्रदेश सचिव दिनेश शर्मा सागर, केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज बसन्त बोगटी, केस हरिकृष्ण गजुरेल, स्थानीय कम्युनिष्ट नेता तथा मार्क्सवादी व्यक्तित्व गोविन्द श्रेष्ठलगायतका नेताहरूको उपस्थिति रहेको छ ।

नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको क्रान्तिकारी माओवादीको जारी तीन महिने संगठन तथा जनपारिचालन अन्तर्गत गरिएको प्रशिक्षण कार्यक्रमलाई 'महान जागरण तथा प्रशिक्षण कार्यक्रम' नाम दिइएको छ । यसअघि पनि मकवानपुरमा एमाले, माकेलगायतका पार्टी परित्याग गरेर दर्जनौ नेता कार्यकर्ता क्रान्तिकारी माओवादीमा ध्रुवीकृत भएका थिए ।

## माके...

अर्का वक्ता नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा दाङ जिल्ला इन्चार्ज हिरामणि दुःखीले पार्टीले सञ्चालन गरेको तीनमहिने अभियानमा सक्रियतापूर्वक सहभागी हुन देजमो कार्यकर्ताहरूलाई आग्रह गर्नुभयो । उहाँले वाम गठबन्धनको भ्रममा परेका जनतामा आफ्नो पार्टीको एजेण्डा लिएर जान विशेष जोड दिनुभयो । 'तीन महिने अभियानको उद्देश्य क्रान्तिको कार्यभार पूरा गर्न संगठनलाई मजबुद पार्नु रहेको हो' दुःखीले भन्नुभयो ।

उक्त भेलालाई थारु राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय महासचिव रामजी थारु र अखिल नेपाल महिला संघ क्रान्तिकारीका केन्द्रीय सदस्य सुशिला आचार्यले शुभकामना दिनुभएको थियो ।

मोर्चाका जिल्ला संयोजक तथा केन्द्रीय सदस्य यमबहादुर शाहको अध्यक्षता तथा सचिव ईश्वरीप्रसाद गैरेको सञ्चालनमा सम्पन्न भेलाले नरेन्द्र बन्जाडेको अध्यक्षतामा १५ सदस्यीय जिल्ला कार्यसमिति निर्माण गरेको छ । उपाध्यक्षमा निमबहादुर जिएम, सचिव ईश्वरीप्रसाद गैरे, सहसचिव पद्मप्रसाद अधिकारी, कोषाध्यक्षमा तिलक वि.क. रहनुभएको छ । सदस्यहरूमा नन्दराम रोका, हेमन्ता घिमिरे, गंगाराम नेपाली, सुन्दरलाल चौधरी, धनबहादुर वि.क., उदयराज भण्डारी, कलिराम वि.क., सङ्गम डि.सि.,विष्णु रिजाल, र देवा बिष्ट रहनु भएको छ ।

## विस्तारवादका...

थिए भने झण्डा, व्यानरसहित नारा, जुलुसका साथ युवा र विध्यार्थीको टोलीले छपकैयादेखि वीरगंजको घण्टाघरसम्म मार्चपास गरेको थियो । घण्टाघर चोकमा आयोजना गरिएको कोणसभालाई क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन'आकाश', क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्यद्वय बसन्त र भाष्कर, अखिल (क्रान्तिकारी)का महासचिव राम नेपाली र केन्द्रीय कोषाध्यक्ष शिलु न्यौपानेले भारतीय विस्तारवादले गरेको सीमा अतिक्रमण लगायत सबै हस्तक्षेपकारी कदमको चर्को विरोध एवम् भण्डाफोर गरेका थिए । युवा तथा विध्यार्थी नेताहरूले अतिक्रमित भूमि फिर्ता गर, भारतीय हस्तक्षेप बन्द गर, भारतीय विस्तारवादका दलालहरू होसियार, नेपालको राष्ट्रिय स्वाधीनता-जिन्दावाद, नयाँ जनवादी क्रान्ति जिन्दावाद जस्ता नारा लगाएका थिए ।

सीमा स्थलको निरीक्षण गरेर आएका देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिवालय सदस्य तथा कार्यालय सचिव हरिकृष्ण गजुरेलका अनुसार छपकैयामा ४५ विघा ३ कठ्ठा ११ धुर जमिन भारतीय पक्षले मिचेको छ । बर्षौंदेखि आफूले चर्ची आएको जमिन गुमाएका पीडित किसान रविन्द्र महतोले जमिन मिचिएको लालपुर्जा, तिरो तिरेको कागज र २०२२ सालको नापी देखाउँदा पनि नेपालको सरकार, नापी विभाग र स्थानीय प्रशासनलगायत सबै सरकारी निकायले वेवास्ता गरेको र उल्टै भारतले नेपाली भूमि मिचेकै छैन भनेर भारतकै तावेदारी गरेको गुनासो गरे । उनका अनुसार नेपाली पक्षलाई सीमा क्षेत्रमा जान नै रोक लगाइएको छ । नेपाल सरकार र भारतीय सरकारले मिलेर सीमामा नयाँ पिल्लर गाडेको हुनाले नेपाल सरकारले सहमतिमै नेपाली भूमि भारतलाई बेचेको पो हो कि भन्ने रविन्द्र महतोले आशंका गरेका छन् । उनका अनुसार दशगजा ३९२ को ४,५,६,७,८,९ पिल्लरहरूका लागि खाडल तयार गरिए पनि चर्को विरोध भएपछि अहिले ती खाडलहरूमा पिल्लरहरू गाडिएका छैनन् । सीमा सम्बन्धी अन्तर्राष्ट्रिय कानुन अनुसार नेपाल-भारतको सीमा क्षेत्रमा ३० फिट वरपर कुनै संरचना निर्माण गर्न नपाइने भए पनि भारतले सीमामै बस्ती बसाल्नेदेखि पक्की सडक निर्माण गर्ने लगायतका संरचनाहरू निर्माण मात्रै गर्ने गरेको छैन उसले नेपाल तर्फको खाली ३० फिट जग्गा पनि सबै मिचेर सीमा स्तम्भ नेपालतर्फ सार्ने काम बर्षौंदेखि गर्दै आएको छ । जसको नेपालका क्रान्तिकारी तथा राष्ट्रवादी शक्तिले बारम्बार विरोध गर्दै आएका छन् ।


नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
गोरखा नगरपालिका, गोरखा

**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**
जन्म मृत्यु, विवाह, वसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने वडा कार्यालयका स्थानीय पञ्जिकाधिकारी (सचिव) वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु पर्दछ ।

**व्यक्तिगत घटना दर्ता कसले गर्ने ?**
- जन्म तथा मृत्युको घटना परिवारको मुख्य व्यक्तिले ।
- विवाहको घटना पति पत्नी दुवैले ।
- बसाइँ सराईको घटना परिवार भए परिवारको मुख्य व्यक्तिले र व्यक्ति भए बसाइँसराई गरी जाने व्यक्तिले ।

**कसरी गर्ने ?**
वडा कार्यालय वा नगरपालिकामा निःशुल्क पाइने फारम भरी घटना भएको मितिले ३५ दिनभित्र घटना दर्ता गर्नु पर्दछ ।







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।